जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ११० • २०८३ साल भाद्र २२ गते सोमबार (7 September, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## भोटेकोशी महाविपत्तिको आज १२औँ दिन



**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी महाविपत्तिको १२औँ दिन आइतबारसम्म बेपत्ताको खोजी तथा उद्धार कार्य जारी नै रहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको तथ्यांक अनुसार विपत्तिमा हालसम्म १,३४२ जनाको शव फेला परेको, १३,३९१ जनाको उद्धार गरिएको र ४,९९६ जना सम्पर्कविहीन रहेका छन् ।

त्यस्तै, ६,०८३ जना घाइते भएका छन् भने फेला परेका शवमध्ये ९८ जनाको सनाखत गरी आफन्तलाई बुझाइएको जनाएको छ। खोजी, उद्धार तथा राहत कार्यमा हालसम्म २१,४६५ सुरक्षाकर्मी परिचालन भएका छन् ।

विपत्तिबाट विस्थापितमध्ये ३,९१२ जना होल्डिङ सेन्टरमा रहेका छन् । प्रारम्भिक अनुमान अनुसार विपत्तिबाट ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँ बराबरको क्षति भएको बताइन्छ ।

सरकारले राहत तथा सहायता वितरणमा एकद्वार नीति कायम गरेको जनाएको छ । सहयोग गर्न चाहनेले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सोझै रकम जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ ।

### वीरगञ्जको एक क्यासिनोमा छापा

# सखुवाप्रसौनीका अध्यक्षदेखि प्रहरी निरीक्षकसहित आठजना पक्राउ

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्जमहानगरपालिका-१४ गण्डकस्थित क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाएको आरोपमा गाउँपालिका अध्यक्ष र प्रहरी निरीक्षकसहित आठ जना पक्राउ परेका छन् । पर्सा प्रहरीले गोल्डेन फिंगर गेमिङ जोन प्रालिमा छापा मारेर जुवा खेलिरहेका चार नेपाली र नेपालीलाई क्यासिनो प्रवेश गराई जुवा खेलाउन संलग्न रहेको आरोपमा चार कर्मचारीलाई नियन्त्रणमा लिएको छ।







पक्राउ पर्नेमा सखुवाप्रसौनी गाउँपालिका-६ का ३६ वर्षीय गाउँपालिका अध्यक्ष जसवन्त यादव, वीरगञ्ज महानगरपालिका-११ का ३९ वर्षीय ओमप्रकाश बैठा, सखुवाप्रसौनी-६ का ३० वर्षीय चन्दन सहनी र स्याङ्जाको हरिनास गाउँपालिका-७ का ३६ वर्षीय प्रहरी निरीक्षक प्रदीप पौडेल रहेका छन्। पौडेल इलाका प्रहरी कार्यालय पोखरियाका इन्चार्ज रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पर्सा प्रहरीले जनाए अनुसार आफ्नो कार्यक्षेत्र छाडेर वीरगञ्जस्थित क्यासिनोमा जुवा खेल्न पुगेका अवस्थामा पौडेललाई पक्राउ गरिएको छ। गाउँपालिका अध्यक्ष यादव पनि क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा पक्राउ परेका छन् ।

पर्सा प्रहरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक पवन भट्टराईले अनुसार वीरगञ्ज-१४ गण्डकस्थित क्लार्क होटल परिसरमा सञ्चालित क्यासिनोबाट उनीहरूलाई पक्राउ गरिएको हो। नेपाली नागरिकलाई क्यासिनोमा प्रवेश गराइ जुवा खेलाउने कार्य गैरकानुनी भएकाले सूचनाका आधारमा प्रहरीले क्यासिनोमा छापा मारेको थियो ।

अवैध ढंगले नेपालीलाई क्यासिनो प्रवेश गराइ जुवा खेलाउन संलग्न रहेको आरोपमा क्यासिनोका चार कर्मचारीसमेत पक्राउ परेका छन् । पक्राउ पर्नेमा वीरगञ्ज-१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगञ्ज-२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरीको पिपरा गाउँपालिका-५ का ४९ वर्षीय जयदेव साह र वीरगञ्ज-१२ का ५० वर्षीय प्रदेशी साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जनाए अनुसार पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको छ । प्रहरीले क्यासिनोमा नेपाली नागरिक कसरी प्रवेश पाए, उनीहरूलाई जुवा खेल्न कसले र कुन प्रक्रियाबाट अनुमति दियो तथा कर्मचारीको संलग्नता कुन तहसम्म थियो भन्ने विषयमा अनुसन्धान अघि बढाएको जनाएको छ।

वीरगञ्जका क्यासिनोमा नेपाली नागरिक प्रवेश गरी जुवा खेल्ने घटना भने नयाँ होइन । यसअघि पनि मध्यरातमा क्यासिनोमा जुवा खेलिरहेका नेपालीलाई गैरनेपाली नागरिकको नाममा प्रवेश गराइएको आरोपमा प्रहरीले पक्राउ गरेको घटना सार्वजनिक हुँदै आएका छन् ।

क्यासिनोमा नेपालीलाई प्रवेश निषेध भए पनि परिचय लुकाएर वा गैरनेपालीको नाममा नेपाली नागरिकले जुवा खेल्ने गरेको आरोप विगतदेखि नै लाग्दै आएको छ। यसले क्यासिनोमा प्रवेश गर्ने व्यक्तिको पहिचान परीक्षण, अभिलेख व्यवस्थापन र सरकारी निकायको अनुगमन प्रभावकारी नभएको प्रश्न उठाउँदै आएको छ।

पछिल्लो घटनाले भने समस्या सर्वसाधारणमा मात्र सीमित नभइ जनप्रतिनिधिदेखि प्रहरी अधिकारीसम्म पुगेको देखाएको छ। गाउँपालिका अध्यक्ष र कार्यक्षेत्रभन्दा बाहिर गएर क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा प्रहरी निरीक्षक पक्राउ परेपछि क्यासिनोको नियमन र अनुगमनप्रति थप प्रश्न उठेको छ।

क्यासिनोमा नेपाली प्रवेश गर्न नपाउने कानुनी व्यवस्थाको कार्यान्वयनका लागि क्यासिनो सञ्चालकले प्रवेशद्वारमै कडा पहिचान परीक्षण गर्नुपर्ने हुन्छ । तर पटकपटक नेपाली नागरिक क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा पक्राउ पर्नुले त्यस्तो व्यवस्था व्यवहारमा कति प्रभावकारी छ भन्ने प्रश्न उठेको छ।

स्थानीय तहका जनप्रतिनिधि तथा सुरक्षा निकायका कर्मचारी नै क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा पक्राउ पर्नुले व्यक्तिगत आचरणसँगै नियमनकारी संयन्त्रको प्रभावकारितामाथि समेत बहस शुरु भएको छ। विगतका घटनामा पनि नेपाली नागरिकलाई गैरनेपालीको पहिचान प्रयोग गरेर क्यासिनो प्रवेश गराइएको आरोप लाग्दै आएको थियो।

**सरकारी स्कोर्पियोसमेत नियन्त्रण**

यस घटनामा सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष जसवन्त यादव सरकारी सवारीसाधन प्रयोग गरी क्यासिनो पुगेको अवस्थामा पक्राउ परेका थिए । पर्सा प्रहरीले क्यासिनो परिसरबाट सखुवाप्रसौनी गाउँपालिकाको ना.१ झ १६८७ नम्बरको स्कोर्पियो समेत नियन्त्रणमा लिएको छ।

प्रहरीले जनाए अनुसार क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराइ जुवा खेलाएको सूचना पाएपछि टोली परिचालन गरिएको थियो ।

# भोटेकोशी बाढीः जीवितै उद्धार भएका सञ्जयको कथा



**टुडे समाचारदाता**

जनकपुरधाम । नौ दिनदेखि माटो, ढुंगा र लेदोले बाहिरी संसारसँग सम्बन्ध टुटेको त्रिशूली-३ ए जलविद्युत् आयोजनाको सुरुङभित्र शुक्रबार बिहान उद्धार टोलीले आवाज दियो, 'नआत्तिनुहोस्, हामी उद्धार गर्दैछौं ।' केही क्षणपछि अँध्यारो सुरुङभित्रबाट जवाफ आयो, 'हुन्छ ।'

नौ दिनदेखि जारी खोज तथा उद्धार अभियानमा त्यो आवाज पहिलो ठूलो सफलता थियो । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाल विद्युत् प्राधिकरणका प्राविधिकका लागि त्यो सामान्य जवाफ थिएन। अथाह प्रयासपछि सुरुङभित्र मानिस जीवित रहेको पहिलो प्रमाण थियो ।

मेसिनले खनेर, ड्रिलले प्वाल पारेर, चट्टान विस्फोट गरेर र हातैले लेदो पन्छाउँदै उद्धार टोली अन्ततः मानिससम्म पुग्ने अवस्थामा पुगेको थियो । सुरुङबाट आवाज आएको खबरसँगै उद्धारमा नयाँ आशा र उत्साह थपियो ।

केही समयपछि मेकानिकल फोरम्यान सञ्जय साहलाई जीवितै बाहिर निकालियो। त्यसपछि मेकानिकल सुपरभाइजर कविर महर्जन पनि उद्धार भए। भदौ १० गतेको बाढीपछि बाहिरी संसारसँग सम्पर्कविहीन भएका उनीहरू १० दिनपछि अँध्यारो सुरुङबाट खुला आकाशमुनि फर्किए ।

भदौ १० गते बिहान त्रिशूली-३ ए जलविद्युत् आयोजनामा सधैँ झैँ काम भइरहेको थियो । पूर्ण मर्मतसम्भारका लागि बन्द रहेको ६० मेगावाटको आयोजनाको भूमिगत विद्युत्गृहमा प्राविधिक र इन्जिनियरहरू आ-आफ्नो काममा व्यस्त थिए । सञ्जय र कविर पनि मर्मतसम्भारकै काममा खटिएका थिए ।

तर केही घण्टामै परिस्थिति बदलियो । रसुवाको भोटेकोशी हुँदै त्रिशूलीमा आएको विनाशकारी बाढीले आयोजना क्षेत्रलाई घेर्न थाल्यो । पानीसँगै आएको लेदो, ढुंगा, रुखका ठुटा र भत्किएका संरचनाका भग्नावशेष आयोजनास्थलमा थुप्रिन थाले ।

मेकानिकल फोरम्यानको जिम्मेवारीमा रहेका सञ्जयले आफू सुरक्षित रूपमा बाहिर निस्कन सक्ने अवस्था हुँदाहुँदै सहकर्मीहरूलाई पहिले बाहिर पठाउन थाले । एकपछि अर्को गर्दै सहकर्मी बाहिरिए । तर उनी आफैँ निस्कने बेला बाढीले ल्याएको लेदो र भग्नावशेषले बाहिरिने बाटो थुनिसकेको थियो । तर सञ्जय सुरुङभित्रै रोकिए। त्यहीँ रहेका कविर पनि बाहिर निस्कन पाएनन् ।

केही समयअघिसम्म मानिस ओहोरदोहोर गरिरहेको सुरुङको प्रवेशद्वार माटो, ढुंगा र लेदोले यसरी पुरिएको थियो कि सुरुङको मुखसमेत पहिचान गर्न कठिन भयो ।

सञ्जय र कविरको अवस्थाबारे कुनै जानकारी नआएपछि आफन्त र सहकर्मीमा चिन्ता बढ्यो । घटनास्थल पुगेको उद्धार टोलीसँग सुरुङभित्र उनीहरू कहाँ छन् र कस्तो अवस्थामा छन् भन्ने यकिन जानकारी थिएन। बाहिरबाट सम्पर्क गर्ने कुनै माध्यम पनि थिएन।

पहिले सुरुङको प्रवेश क्षेत्र पहिचान गर्नुपर्ने र त्यसपछि त्यहाँसम्म पुग्ने बाटो खोल्नुपर्ने चुनौती थियो। सडकसमेत बाढीले बगाएकाले आवश्यक मेसिन र उपकरण घटनास्थल पुर्‍याउन कठिन थियो।

दुई दिनसम्म सुरुङमा पुग्ने ठोस बाटो नखुले पनि खोजी रोकिएन। सुरुङको मुखबाट प्रवेश सम्भव नभएपछि जमिनको सतहबाट ड्रिल गरेर सुरुङसम्म पुग्ने योजना बनाइयो । करिब नौ मिटर तल सुरुङको माथिल्लो भाग रहेको अनुमानका आधारमा ड्रिल चलाइयो। यसरी सुरुङको 'क्राउन'सम्म पुग्ने पाँचवटा ठाडा प्वाल बनाइयो।

ती प्वालबाट मानिस निकाल्न सम्भव थिएन । तर सुरुङभित्र अक्सिजन पठाउन भने थालियो। यसले भित्र रहेका व्यक्तिको जीवन जोगाउन महत्वपूर्ण भूमिका खेल्यो।

त्यसपछि करिब ४० मिटर माथिल्लो भागमा 'केबल एक्सेस सुरुङ' फेला पर्‍यो। मानिस हिँड्न मिल्ने यो सुरुङ भूमिगत विद्युत्गृहसम्म पुग्ने वैकल्पिक बाटो बन्न सक्थ्यो।

तर त्यहाँ पनि अवरोधै अवरोध थिए। करिब ४० सेन्टिमिटर बाक्लो संरचना हटाउन नियन्त्रित विस्फोट गरियो। त्यसपछाडि पानी र लेदो जमेको भेटियो । पानी निकाल्दै अघि बढ्दा फेरि चट्टानले बाटो रोक्यो। चट्टान हटाएपछि लेदोको थुप्रो भेटिन्थ्यो ।

भदौ १३ गतेदेखि एक्स्काभेटर, ह्विल लोडरलगायत उपकरण प्रयोग गरेर सुरुङतर्फ थुप्रिएको लेदो, बालुवा र भग्नावशेष हटाउन थालियो । ब्रेकरले फुटाउन सकिने चट्टान फुटाइयो भने ठूला चट्टान विस्फोट गरेर हटाइए ।

पाँच दिनमा करिब २० हजार घनमिटर लेदो, बालुवा, ढुंगा तथा भत्किएका संरचनाका कंक्रिट स्ल्याब, बीम र पिलर हटाइयो। कतिपय चट्टान घरको आकारसम्मका थिए । उद्धारको काम रातदिन जारी रह्यो। सडक पहुँच नभएकाले मेसिन मर्मतका लागि आवश्यक सामग्रीसमेत हेलिकप्टरबाट पुर्‍याउनुपरेको थियो।


सुरुङबाट प्रतिअनुमान दुई लिटर प्रतिसेकेन्डका दरले पानी आफैँ बाहिर निस्किरहेको थियो। पानीको दबाब ठूलो नभएकाले सुरुङभित्र ठूलो परिमाणमा पानी नजमेको हुन सक्ने अनुमान गरियो । केबल डक्ट उकालो संरचनामा रहेकाले माथिल्लो भागमा तुलनात्मक रूपमा सुरक्षित ठाउँ हुन सक्ने प्राविधिक आशा पनि थियो ।

भदौ १८ गते उद्धार टोली केबल डक्टको प्रवेश क्षेत्रमा पुग्यो । करिब १५ फिट माटो, ढुंगा र भग्नावशेष हटाएपछि टोली सुरुङभित्र प्रवेश गर्‍यो । केही अगाडि बढेपछि फेरि लेदो र भग्नावशेषले बाटो साँघुरियो। ठूला मेसिन भित्र लैजान सम्भव भएन।

त्यसपछि उद्धारकर्मी आफैँले हातले लेदो र भग्नावशेष पन्छाउँदै बाटो खोल्न थाले । सुरुङको साँघुरो भागमा मानिस छिर्न मिल्ने ठाउँ बनाउँदै उनीहरू बिस्तारै अगाडि बढे।

अन्ततः त्यही प्रयासले सञ्जयसंगै कविरसम्म उद्धार टोलीलाई पुर्‍यायो ।


सञ्जय र कविरको जीवित उद्धारसँगै अन्य घटनाले पनि विपत्तिमा हराएका परिवारमा आशाको सानो झिल्को जगाएको छ।



# मदन पुरस्कार राजभण्डारी र जगदम्बाश्री खरेललाई

काठमाण्डु । मदन पुरस्कार गुठीले २०८२ सालको 'मदन पुरस्कार' नेवार समुदायका परम्परागत 'मुकुण्डोनाच' (नेवाः समुदायया परम्परागत ख्वापाः प्याख)का लागि लेखक वीणा जोशी (राजभण्डारी)लाई दिने भएको छ।

सामुदायिक अभ्यासमा रहेको नाच परम्पराको सङ्कलन तथा अभिलेखीकरण गरिएकाले उक्त कृतिलाई पुरस्कार प्रदान गरिने गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ।



मदन पुरस्कार विसं २०१२ मा स्थापित प्रतिष्ठित साहित्यिक पुरस्कार मानिन्छ। सो पुरस्कार मूल्याङ्कनका लागि विभिन्न विधाका २९८ पुस्तक आवेदनमा परेकामा गुठीले १० कृतिको मनोनयन सार्वजनिक गरेको थियो।

पुरस्कारका लागि अल्पसूचीमा परेका अन्य कृति र लेखकमा अज्ञात (केशवराज ज्ञवाली), इथा (केशव दाहाल), उत्कर्ष (ललित विष्ट), नेपालमण्डलसँग जोडिएको सिम्रौनगढको सिमानाको इतिहास (रोशनकुमार झा), परिधि (उमा सुवेदी) महायुग (सीमा आभास) सलह (श्रवण मुकारुङ), स्वप्नस्पर्श (डा नवराज केसी), हिउँद (नदीशा) रहेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

**जगदम्बाश्री गीतकार खरेललाई**

छ दशकदेखि गीत लेखनमा समर्पित गीतकार किरण खरेललाई जगदम्बा श्री पुरस्कार दिइने भएको छ। उक्त पुरस्कार गुठीले विसं २०४५ देखि प्रदान गर्न थालेको हो। रासस

## भोटेकोशी बाढीः

# यसरी भइरहेको छ खोज, उद्धार र राहत कार्य

काठमाण्डु । भोटेकोशी बाढी विपद्को १२औँ दिन पनि खोज, उद्धार र राहत कार्य जारी छ । बाढीबाट ठूलो जनधनको क्षति, ठूलो सङ्ख्यामा नागरिक विस्थापन हुनुका साथै रसुवा, नुवाकोट, धादिङ र नदीको बहाव क्षेत्रअन्तर्गतका अन्य जिल्लाका घर, भवन, सडक, पुल, जलविद्युत् संरचना तथा अन्य महत्वपूर्ण पूर्वाधारमा क्षति भएको छ।



नेपाल सरकारले खोज, उद्धार तथा राहतका लागि आफ्नो उपलब्ध सबै साधन तथा स्रोत परिचालन गरिरहेको जनाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल पूर्ण रूपमा परिचालित छन् । साथै विपद् व्यवस्थापनसम्बन्धी निकाय, प्रदेश तथा स्थानीय तह र अन्य सम्बन्धित निकाय पनि परिचालित छन्।

परराष्ट्र मन्त्रालयले खोज, उद्धार तथा राहत कार्यका लागि देशभित्र तथा छिमेकी मुलुक र अन्तरराष्ट्रिय साझेदारहरूसँग निरन्तर समन्वय गरिरहेको जनाएको छ । भारत, चीन तथा गणतन्त्र कोरियाबाट आएका सुरुङ उद्धार टोलीले नेपाली सेनासँग समन्वय गरी खोजी र उद्धार कार्य जारी राखेका छन् । छिमेकी मुलुक, मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय समुदायबाट प्राप्त उद्धार सहयोगका उपकरण, ड्रोन, लोड क्यारियर तथा अन्य सामग्रीहरू यी कार्यमा प्रयोग भइरहेका मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार अनुरोध गरिएका विशिष्टताअनुसार नौ वटा उच्च क्षमताका ड्रोनसहित ११ सदस्यीय विशेष मलेसियाली विपद् सहायता तथा उद्धार टोली शनिबार नेपाल आइपुगेको छ । हालसम्म १३ हजार १०४ जनाको उद्धार गरिएकामा ३०० भन्दाबढी विदेशी नागरिक रहेका मन्त्रालयको पछिल्लो विवरणमा उल्लेख छ । अझै पनि अनुमानित हजार मानिस बेपत्ता रहेका छन् । त्यसमा ३५ देशका अनुमानित ६०० जना विदेशी नागरिक रहेका परराष्ट्र मन्त्रालयले जनाएको छ।

बाढी प्रभावित क्षेत्रबाट हालसम्म एक हजार ३४१ वटा शव फेला पारिएको छ। प्रभावित क्षेत्रमा सडक, विद्युत् तथा दूरसञ्चार सम्पर्क पुनःस्थापना गर्न तथा प्रभावित जनतासम्म राहत सामग्री समयमा पुर्‍याउन सम्बन्धित निकायहरूले सक्रिय रूपमा काम गरिरहेका छन्। अन्तरराष्ट्रिय समुदाय, साझेदार तथा व्यक्तिबाट प्राप्त थप सामग्री तथा सहयोग प्रभावकारी रूपमा परिचालन भइरहेको मन्त्रालयले आज जारी गरेको विवरणमा उल्लेख छ।

यसैगरी, नेपाली सेना तथा इन्जिनियरको टोलीले तादी नदीमाथि अस्थायी पुल निर्माण गरी गल्छी-त्रिशूली सडक पुनःस्थापना गर्ने काम गरिरहेका छन् । यसका अतिरिक्त त्रिशूली इन्द्रेणीघाट र देवीघाटमा एक-एक गरी दुई वटा तुइन सञ्चालनमा ल्याइसकेको छ।

द्रुत क्षति तथा आवश्यकता मूल्याङ्कन (आरडिएनए) अन्तर्गत गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार करिब सात हजार ५७० घरधुरीका ३२ हजार ९३३ जना प्रभावित भएका छन्। त्यस्तै ४८ सरकारी कार्यालय प्रभावित भएका, ५५ किलोमिटर सडक, ३७ वटा मोटरेबल पुल तथा ६८ वटा झोलुङ्गे पुलमा क्षति पुगेको विवरणमा उल्लेख छ।

साथै, करिब एक ८०६ हेक्टर कृषि भूमि, १३ वटा जलविद्युत् आयोजना, एउटा सौर्य ऊर्जा प्लान्ट तथा दुई वटा प्रसारण लाइनमा क्षति पुगेको छ । उक्त मूल्याङ्कनले ७८३ मेगावाट जलविद्युत् उत्पादन क्षमता प्रभावित भएको जनाएको छ। यस विपद्बाट भएको क्षतिको परिमाण तथा विस्तारलाई ध्यानमा राख्दै सम्पूर्ण क्षति तथा नोक्सानी र पुनर्निर्माण तथा पुनःस्थापनाका लागि आवश्यक लागत निर्धारण गर्न विपद्पश्चात आवश्यकता मूल्याङ्कन (पिडिएनए) पनि एकैसाथ सञ्चालन भइरहेको छ।

यसैगरी, आवश्यक फरेन्सिक प्रक्रिया पूरा गरेपछि बरामद शवको अस्थायी व्यवस्थापन गर्न सम्बन्धित निकायहरूले सुरु गरेका छन्। पछि पहिचान गरी मृतकका परिवारलाई अन्तिम संस्कारका लागि शव हस्तान्तरण गर्न सहज हुनेछ। बेपत्ता व्यक्तिका निकटतम परिवारजनलाई महाराजगञ्ज काठमाडौँस्थित नेपाल प्रहरी अस्पताल वा नेपालस्थित नजिकको जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिएको छ।

विदेशमा रहेका परिवारजनले आफू बसोबास गर्ने देशमा आफ्नो डिएनए नमूना सङ्कलनमार्फत रिपोर्ट तयार गरी पठाउन सक्ने मन्त्रालयको विवरणमा जनाइएको छ । भारत, चीन, जापान, सिङ्गापुर तथा गणतन्त्र कोरियाका फरेन्सिक टोलीले नेपाल प्रहरी तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी डिएनए सङ्कलन, विश्लेषण तथा मृतकका अवशेषको पहिचानसम्बन्धी कार्यलाई तीव्रता दिन परिचालित भएका छन्।

मन्त्रालयले कूटनीतिक नियोगका प्रतिनिधिहरूका लागि 'ब्रिफिङ' तथा स्वदेशी र अन्तरराष्ट्रिय सञ्चारमाध्यमका लागि 'प्रेस ब्रिफिङ' आयोजना गरी जारी खोज, उद्धार तथा राहत कार्य तथा विदेशी सहयोगसम्बन्धी जानकारी उपलब्ध गराउँदै आएको छ।

हालसम्म मन्त्रालयले सम्बन्धित देश तथा निकायहरू तथा नेपाल सरकारका सम्बन्धित अधिकारीसँग समन्वय गरी मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय संस्थाहरूबाट बाढी राहत सामग्री तथा उद्धार टोली बोकेर आएका २६ वटा उडानको अनुमति तथा सहजीकरण गरेको छ।

बाढीबाट प्रभावित भई नेपाल फर्कन चाहने नेपाली नागरिकलाई सुरक्षित रूपमा स्वदेश फर्काउन मन्त्रालय तथा चीनस्थित नेपाली नियोगले चिनियाँ अधिकारीसँग समन्वय गरिरहेका छन्। शनिबारसम्म तातोपानी नाका हुँदै कुल ४३१ जना नेपाली नागरिक नेपाल फर्किएका छन् । सोही नाकाबाट आज थप १०५ जना नेपाली नागरिक स्वदेश फर्कने परराष्ट्र मन्त्रालयले अपेक्षा गरेको छ।

मन्त्रालयले विदेशी नागरिकको खोज तथा उद्धारमा समन्वय तथा सहयोग गर्न उपशिष्टाचार प्रमुख प्रेमराज गौतमलाई प्रभावित क्षेत्रमा रहेको अपरेसन सेन्टरमा परिचालन गरेको छ। रासस

# हैजाविरुद्ध २१ हजार डोज खोप रसुवामा पठाइयो



काठमाण्डु। बाढी प्रभावित क्षेत्रमा पानीजन्य रोगको जोखिम बढ्न थालेपछि सरकारले हैजाविरुद्धको खोप-औषधि रसुवा पठाएको छ।

बाढी तथा पहिरोपछि हैजाको जोखिम बढेसँगै रसुवामा हैजाविरुद्धको २१ हजार डोज खोप पठाइएको हो। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को सहयोगमा प्राप्त खोप नेपाली सेनाको हेलिकप्टरमार्फत आइतबार बिहान त्यसतर्फ पठाइएको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ।

यसै सन्दर्भमा स्वास्थ्यमन्त्री निशा मेहताले बाढी प्रभावित क्षेत्रमा हैजा तथा अन्य पानीजन्य रोगको जोखिम न्यूनीकरण तथा रोकथामका लागि औषधि, खोप, स्वास्थ्य सामग्री र अत्यावश्यक जनस्वास्थ्य सेवा तत्काल व्यवस्था गर्न निर्देशन दिनुभएको थियो।


स्वाथ्यमन्त्रीको सचिवालयका अनुसार प्रभावित क्षेत्रमा खोप तथा औषधि पठाउने, रोग निगरानी बढाउने, सुरक्षित खानेपानी र सरसफाइमा विशेष ध्यान दिने तथा आवश्यक स्वास्थ्यकर्मी परिचालन गर्ने काम अघि बढाइएको छ।

बाढीका कारण खानेपानीका मुहान तथा वितरण प्रणालीमा क्षति पुगेकाले हैजा र अन्य पानीजन्य रोगको जोखिम बढेको भन्दै प्रभावित क्षेत्रमा रोकथाम, शीघ्र पहिचान र उपचार व्यवस्थापनलाई प्राथमिकतामा राखिएको स्वास्थ्य मन्त्रालयले स्पष्ट गरेको छ। रासस

# बेसीँसहर–चामे सडकमा ठूला सवारीसाधन चलाउन रोक

मनाङ । हिमाली जिल्ला मनाङको मेरुदण्ड (लाइफलाइन) को सडक चामे-बेसीसहर सडकमा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ। स्थानीयद्वारा ठूला सवारीसाधन सञ्चालन गर्दा सडकको अवस्था नाजुक तथा जोखिमयुक्त बनेको भन्दै स्थानीयद्वारा रोक लगाइएको हो।

मर्स्याङ्दी गाउँपालिका-४ च्याम्चेका सोमबहादुर तामाङ भन्नुहुन्छ, "स्थानीयवासीको दैनिकीमा नै असर पर्ने गरी सडक जोखिमयुक्त बनेपछि बाध्य भएर ठूला सवारीसाधन सञ्चालनमा रोक लगाएका हौँ । पटक-पटक ध्यानाकर्षण गरायौँ तर सुनुवाइ नभएपछि यसरी सबै मिलेर सडक सञ्चालन रोकिएको हो ।" अन्नपूर्ण संरक्षण क्षेत्रमा विश्वका पर्यटक आउने मार्गमा नै स्थानीयवासीले हिँड्न र दैनिकी चलाउन नसक्ने भएपछि यस्तो कदम चालिएको उहाँ बताउनुहुन्छ।



सूर्यकुमारी गुरुङ ठूला सवारीसाधन चलाउँदा घाँसदाउरा गर्न जानसमेत मुस्किल भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी घाँस दाउरा गरेर गुजार गर्ने त यो हिलाम्मे बाटोमा हिँड्न सकेका छैनौँ । यसको समाधान कसले गर्ने हो खै ? यसको समाधान हुनुपर्‍यो । यही मागका साथ आज सडकमा ठूला सवारीसाधन चलाउन बन्द गराएका हौँ ।" स्थानीय बालबालिका विद्यालय जाँदा हिलाम्मे सडकमा हिड्न नसकेर जोखिम बढेको गुरुङ बताउनुहुन्छ।

"बालबालिकालाई विद्यालय पठाउँदा डराउनुपर्ने अवस्थामा छौँ । कतै हिलोमा सवारीसाधन चलाउँदा चिप्लिएर बालबालिका नै दुर्घटनामा पर्छन् कि हिलो छ्यापिएर विद्यालय जान छाडेर फर्किन्छन् कि भन्ने चिन्ता बढेको छ", गुरुङ भन्नुहुन्छ, "ठूला सवारीसाधन चलाउँदा कतै सडक नै भाँसिएर आवतजावत नै रोकिन्छ कि भन्ने अवस्था छ।

पर्यटकीय क्षेत्रको पहिचान बनाएको मनाङको यो सडक जोखिमयुक्त मानिन्छ। त्यसमाथि विश्वकै जोखिमयुक्त मानिएको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) को भ्रमणमा आउने पर्यटक र स्थानीयका लागि मुख्य सडक हो। यस सडक वर्षायाम ठूला सवारी चलाउँदा हुनसक्ने जोखिमलाई मध्यनजर गरी ठूला सवारीसाधन नचलाउन आग्रह गरिएको प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले बताउनुभयो।

"वर्षायाममा सवारीसाधन चलाउँदा सडक भाँसिन सक्छ। यसले निम्त्याउने समस्यालाई पनि ध्यान दिनुपर्छ । लामो समयसम्म पुनर्निर्माण गर्न सकिने अवस्था छैन", सांसद गुरुङले भन्नुभयो, "सडक भाँसिएमा यस याममा पर्यटकका लागि आवश्यक सामग्री ढुवानी तथा स्थानीयवासी आवतजावतमा समस्या हुने भएकाले वर्षायाममा हेभी सवारीसाधन नचलाउन प्रशासनलाई आग्रह गरेका छौँ। यसमा प्रशासनले ध्यान दिनुपर्छ।"

दैनिकजसो वर्षा भइरहेकाले यस सडकमा ठूला सवारीसाधन चलाउँदा बढी खाल्डो पर्नुका साथै भाँसिन सक्ने सम्भावना बढी रहेको छ । यस सडकमा हेभी सवारीसाधन चलाउँदा वर्षायाममा ध्यान पुर्‍याउन नसकिएमा मनाङको अन्य क्षेत्रसँग सम्बन्ध टुट्न सक्ने भएकाले वर्षायाममा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रतिनिधिसभा सदस्य धर्मराज केसीले बताउनुभयो।

अन्य समयमा पनि जोखिमयुक्त यस चामे-बेसीँसहर सडक वर्षायाममा अझ संवेदनशील रहेको छ । जसले गर्दा वर्षायाममा जोखिमलाई ध्यान दिनुपर्ने अवस्था हो । मनाङ प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले वर्षायाममा पहाडी क्षेत्र जोखिम हुनुका साथै भाँसिने र बाढीपहिराले अवरुद्ध हुने भएकाले पहिले नै फोनमार्फत सवारीसाधन नचलाउन आग्रह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "यदी सवारी चापकै कारण सडक भाँसिएमा यस सडक खुलाउन सहज छैन । तर, अटेर गर्दा स्थानीयवासी रोक्न अगाडि सरेका हुन् । समन्वय गरिरहेका छौँ । स्थानीयवासीको गुनासो सुनुवाई हुन्छ।"

वर्षायाममा चलाउने गरिएको छ चक्केभन्दा माथिका सवारीसाधन चलाउँदा सडक भाँसिने जोखिम हुने भएकाले वर्षायाममा नचलाउन आग्रह गरिएको थियो । प्रशासनले सडक भाँसिन सक्ने भएकाले वर्षायाममा यहाँ निर्माणाधीन हाइड्रोपावरका ठूला सवारीसाधन नचलाउन अनुरोध गरेको थियो। जोखिमको मध्यनजर गरी लमजुङ प्रशासन, डुम्रे-बेसीँसहर-चामे सडक आयोजनामार्फत समन्वय गरेर नचलाउन आग्रह गरिएको हो। रासस

# पहिराले साँफे-मार्तडी सडकखण्ड अवरुद्ध



बाजुरा । बाजुरामा अविरल वर्षासँगै विभिन्न स्थानमा पहिरो खस्दा जिल्ला सदरमुकाम जोड्ने साँफे-मार्तडी सडकखण्ड अवरुद्ध भएको छ। गएराति लगातार परेको वर्षाका कारण मार्तडीस्थित बडीमालिका नगरपालिका-९ स्थित कारागार मोड, विनोद स्मृति प्रतीक्षालय, सेलागाड, सुवाकाँधलगायत स्थानमा सडक माथिबाट पहिरो खसेपछि सडक अवरुद्ध भएको हो।

यसैगरी, बडीमालिका नगरपालिका-८ को राप्का र वडा नं ६ को जडाङ्गालगायत स्थानमा पनि पहिरो खसेर सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गगनसिंह भाटले जानकारी दिनुभयो।

सडक अवरुद्ध भएको जानकारी प्राप्त भएलगत्तै जिल्ला प्रहरी कार्यालयबाट प्रहरी सहायक निरीक्षक लक्ष्मी दत्त भट्टको कमान्डमा पाँच जनाको प्रहरी टोली घटनास्थलतर्फ खटाइएको छ।

प्रहरी टोलीले बडीमालिका नगरपालिका र सडक विभागको जेसिबीको प्रयोग गरी पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याउने पहल गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । लगातार वर्षा भइरहेकाले सडकका अन्य स्थानमा पनि पहिरो खस्ने जोखिम रहेको प्रहरीले जनाएको छ। पहिरोका कारण सडक अवरुद्ध भएपछि साँफे-मार्तडी सडकखण्डमा आवतजावत प्रभावित भएको छ भने गन्तव्य स्थानतर्फ जाने सवारीसाधनहरु बाटोमा नै रोकिएका छन्। रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षा तथा परीक्षामा अनुकूल परिणाम प्राप्त हुनेछ। |
| वृष : | व्यापार तथा शैक्षिक क्षेत्रमा सुधारको संभावना प्रबल छ। |
| मिथुन : | वैदेशिक प्रयत्नमा सफलता मिल्नेछ। |
| कर्कट : | आर्थिक र धार्मिक गतिविधीमा उतार चढाव देखिन सक्छ। |
| सिंह : | परिवारको सहयोग प्राप्त हुनेछ । व्यापारिक क्षेत्र लाभदायक रहनेछ। |
| कन्या : | राजनीतिक क्षेत्रमा तनाव सिर्जना हुन सक्छ। |
| तुला : | आर्थिक कठिनाईको सामना गर्नुपरे पनि शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| वृश्चिक : | विरोधीहरुको गतिविधी बढ्न सक्छन। |
| धनु : | प्रशंसा र सम्मान बढ्नेछ । शैक्षिक अवसरहरु विस्तार हुनेछन्। |
| मकर : | दीर्घकालिन योजना तत्काल नबनाउनु उपयुक्त हुन्छ। |
| कुम्भ: | शिक्षा, स्वास्थ्य र श्रमसम्बन्धी क्षेत्रमा सकारात्मक परिणाम प्राप्त हुनेछ। |
| मीन: | शिक्षा, स्वास्थ्य र राजनीतिक पक्ष स्थिर रहनेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सञ्चार क्षेत्रका समस्या तथा चुनौतीसहित कार्यदिशा बारे छलफल

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशस्थित मिडिया काउन्सिल मधेश प्रदेश र आमसञ्चार प्राधिकरणले प्रदेशको सञ्चार क्षेत्रमा देखिएका समस्या तथा चुनौती पहिचान गर्दै आगामी कार्यदिशा तय बारे सिरहा तथा सप्तरीका सञ्चारकर्मीहरुसँग छलफल गरेको छ।

सञ्चार माध्यम र सञ्चारकर्मीको वास्तविक अवस्था बुझ्ने, समस्या पहिचान गर्ने तथा आगामी दिनमा आवश्यक समन्वय र सहकार्यका लागि सुझाव संकलन गर्ने उद्देश्यले टोलीले दुवै जिल्लाका पत्रकार तथा सञ्चारकर्मीसँग छलफल गरिएको जनाइएको छ।

छलफलका क्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले सञ्चार क्षेत्रको विकासका लागि प्रदेशका सञ्चारमाध्यम र पत्रकारसँग निरन्तर संवाद तथा सहकार्य आवश्यक रहेको बताए । उनले जिल्लास्तरबाट आएका समस्या र सुझावलाई प्राथमिकताका साथ लिएर सञ्चार क्षेत्रलाई थप व्यवस्थित र व्यावसायिक बनाउन पहल गरिने धारणा राखेका थिए।

छलफलमा सञ्चार क्षेत्रमा आचारसंहिता कार्यान्वयनदेखि पत्रकारको पहिचान, संस्थागत सुरक्षा र राजनीतिक प्रभावसम्मका विषय उठाइएको बुझिएको छ । सञ्चारकर्मी अनिरूद्ध ठाकुरले जिल्लामा वास्तविक पत्रकार र नामधारी पत्रकार छुट्याउनै कठिन भइरहेको बताए।

उनले अनलाइन तथा पत्रपत्रिका सञ्चालनका नाममा पत्रकारिताको आवरणमा गलत गतिविधि भइरहेको भन्दै नियमनकारी निकाय थप कडा हुनुपर्ने धारणा राखेका थिए।

'अहिले त को पत्रकार हुन भन्नै गाह्रो छ। आचारसंहिताको कुरा हुन्छ । तर, खै त लागू भएको? नामधारी बन्न पनि अनलाइन, पेपर खोल्छ र लुट्छ, एउटा मोबाइल लिएर प्रत्येक कार्यक्रममा गएर जाने र ती भिडियो सामाजिक सञ्जालमा हालेर पत्रकार भनाउने प्रवृति हावी भएको, यसलाई कसले नियन्त्रण गर्ने' ठाकुरले भने।

सिरहाकै सञ्चारकर्मी नरेश बरबरियले पत्रकारका लागि जिल्लामा व्यवस्थित कार्यालय तथा पूर्वाधारको अभाव रहेको बताए। पत्रकारले दिनभर फिल्डमा खटिएर काम गरे पनि फर्किएर काम गर्ने आफ्नै ठाउँसमेत नहुँदा समस्या भइरहेको उनको भनाइ थियो । त्यस्तै, सप्तरीमा भएको छलफलमा सञ्चार माध्यम र सञ्चारकर्मीको आर्थिक तथा व्यावसायिक अवस्थाप्रति चिन्ता व्यक्त गरिएको थियो। सञ्चारकर्मी सुधा देवले सप्तरीमा सञ्चार माध्यम र सञ्चारकर्मीको अवस्था दयनीय बन्दै गएको बताइन्।

पत्रकारहरू विभिन्न उपायबाट स्वरोजगार सिर्जना गर्दै पेशामा टिकिरहे पनि जिल्लामा विज्ञापनको पर्याप्त स्रोत नहुँदा सञ्चार माध्यम सञ्चालनमा कठिनाइ रहेको उनको भनाइ थियो।

टोलीमा मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यवाहक अध्यक्ष बन्दना झा र आमसञ्चार प्राधिकरणका सदस्य ज्योति झालगायतको सहभागिता रहेको छ।


मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणको टोलीले जिल्लाबाट प्राप्त सुझाव तथा समस्यालाई आगामी नीति, योजना र कार्यक्रम निर्माणमा समेट्दै सञ्चार क्षेत्रको सुधारका लागि सम्बन्धित पक्षसँग आवश्यक समन्वय र सहकार्य गर्ने जनाएको छ।

# बाढी तथा पहिरोबाट मानवीय क्षतिको विवरणमा त्रुटि

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवा भोटेकोशी बाढी तथा पहिरोबाट भएको मानवीय क्षतिबारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले एउटै दिन सार्वजनिक गरेका तथ्यांक फरक फरक देखिएका छन्।

प्राधिकरणले शनिबार मध्यान्ह १२ बजे सार्वजनिक गरेको विवरणमा मानवीय क्षति १ हजार ३४४ रहेको उल्लेख गरेको थियो । तर, सोही दिन साँझ ६ बजे सार्वजनिक गरिएको अर्को अपडेटमा मानवीय क्षति १ हजार ३३१ मा झारिएको छ।



केही जिल्लामा फेला परेका शवको संख्यामा समेत दिउँसो र साँझको विवरणबीच फरक देखिएको छ।

मध्यान्हको विवरण अनुसार रसुवामा १६०, नुवाकोटमा १९२, धादिङमा ६७, गोरखामा ७३, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२२, नवलपरासी पश्चिममा २३० र चितवनमा ३६० शव फेला परेको उल्लेख थियो । काठमाडौंमा उपचारका क्रममा दुई जनाको मृत्यु भएको विवरणसमेत समावेश गरिएको थियो। तर, साँझको अद्यावधिक विवरणमा रसुवामा फेला परेका शवको संख्या १५६, नुवाकोटमा १९५, गोरखामा ७४ र नवलपरासी पश्चिममा २१९ कायम गरिएको छ। अन्य केही जिल्लाको तथ्यांक भने यथावत् राखिएको छ।

यसरी एउटै दिनको केही घण्टाको अन्तरमा मानवीय क्षतिको कुल संख्या नै १३ ले घट्नुले सरकारी निकायबाट सार्वजनिक हुने विपद्सम्बन्धी तथ्यांकको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।

प्राधिकरणले भने सम्पर्कविहीन व्यक्तिको विवरणमा पहिचान नभएका शव तथा उद्धार गरिएका व्यक्ति पनि समावेश हुनसक्ने भन्दै तथ्यांक रुजु गर्ने काम भइरहेको जनाएको छ । तर, मध्यान्ह र साँझ सार्वजनिक गरिएका विवरणमा देखिएको फरकलाई स्पष्ट रूपमा सच्याइएको वा कुन तथ्यांक सही हो भन्ने विषयमा छुट्टै स्पष्टीकरण दिइएको देखिँदैन । त्यसैगरी, घाइतेको विवरणमा पनि फरक देखिएको छ। दिउँसोसम्म उपचार गरिएका घाइतेको संख्या ५ हजार ६६३ रहेकोमा साँझको अपडेटमा यो संख्या बढेर ५ हजार ९२९ पुगेको छ। विभिन्न अस्पताल, नेपाली सेना र सशस्त्र प्रहरीबाट उपचार गरिएका व्यक्तिको संख्यामा समेत वृद्धि भएको उल्लेख छ।

यसैबीच, प्राधिकरणले राहत तथा उद्धार कार्यलाई निरन्तरता दिइएको जनाएको छ। साँझसम्म काठमाडौंबाट ८३ ट्रक र ३८ बोलेरोमार्फत प्रभावित क्षेत्रमा खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ । सशस्त्र प्रहरीले रसुवा र नुवाकोटभित्र १७३ वटा हवाई उडानमार्फत राहत सामग्री ढुवानी गरेको विवरणमा उल्लेख छ।

सरकारले रसुवाका लागि १ करोड, नुवाकोटका लागि १ करोड र धादिङका लागि ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ। प्रभावित १५ पालिकाका लागि थप १३ करोड ५० लाख रुपैयाँ उपलब्ध गराइएको प्राधिकरणले जनाएको छ।

विपद्को समयमा उद्धार, राहत र पुनर्स्थापनाको योजना बनाउन यस्ता तथ्यांक महत्वपूर्ण हुने भएकाले सरकारी निकायबाट सार्वजनिक हुने विवरणमा एकरूपता, पारदर्शिता र तथ्यांक प्रमाणीकरण अत्यन्त आवश्यक हुन्छ। एउटै दिन केही घण्टाको अन्तरमा फरक फरक तथ्यांक सार्वजनिक हुँदा प्रभावित परिवार, स्थानीय प्रशासन तथा आम नागरिकमा अन्योल सिर्जना हुने देखिन्छ।

## तथ्यांकको विश्वसनीयतामाथि प्रश्न

मध्यान्हको विवरण अनुसार रसुवामा १६०, नुवाकोटमा १९२, धादिङमा ६७, गोरखामा ७३, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२२, नवलपरासी पश्चिममा २३० र चितवनमा ३६० शव फेला परेको उल्लेख थियो । काठमाडौंमा उपचारका क्रममा दुई जनाको मृत्यु भएको विवरणसमेत समावेश गरिएको थियो। तर, साँझको अद्यावधिक विवरणमा रसुवामा फेला परेका शवको संख्या १५६, नुवाकोटमा १९५, गोरखामा ७४ र नवलपरासी पश्चिममा २१९ कायम गरिएको छ । अन्य केही जिल्लाको तथ्यांक भने यथावत् राखिएको छ। यसरी एउटै दिनको केही घण्टाको अन्तरमा मानवीय क्षतिको कुल संख्या नै १३ ले घट्नुले सरकारी निकायबाट सार्वजनिक हुने विपद्सम्बन्धी तथ्यांकको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।

# विवादित ग्रीन आर्मीको दर्ता खारेज

**टुडे समाचारदाता**



जनकपुरधाम । रसुवा भोटेकोशी-त्रिशूली बाढीपछि हरियो रँगको सैनिक शैलीको पोसाकमा उद्धार तथा राहतको काममा खटिएका विवादित 'ग्रिन आर्मी' नामक संस्थाको दर्ता खारेज गरिएको छ।

गैरनाफामूलक संस्थाका रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको उक्त संस्थाले नेपाली सेना तथा सशस्त्र प्रहरीसँग मिल्दोजुल्दो पोसाक, दर्ज्यानी चिह्न र संरचना प्रयोग गरेपछि यसको वैधानिकतामाथि चर्को प्रश्न उठेको थियो।

उच्च सैनिक स्रोतका अनुसार ग्रिन आर्मीको दर्ता हालसालै खारेज गरिएको हो । दर्ता खारेजीसँगै कम्पनीका रूपमा सञ्चालन भइरहेका संस्थाका गतिविधिमा समेत कानुनी रूपमा रोक लागेको स्रोतको दाबी छ।

यद्यपि, कम्पनी रजिष्ट्रारको कार्यालयका अधिकारीहरूसँग यस विषयमा थप पुष्टि गर्न सम्पर्क हुन सकेको छैन। ग्रिन आर्मी कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७७ साल साउनमा गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएको थियो।

दर्ताका क्रममा संस्थाको मुख्य उद्देश्य विद्यालय तहका विद्यार्थीलाई वातावरण संरक्षण, फोहोर व्यवस्थापन, प्राथमिक उपचार तथा विपद् व्यवस्थापनसम्बन्धी तालिम दिने र परिचालन गर्ने उल्लेख गरिएको थियो। तर, संस्थाले प्रयोग गर्दै आएको हरियो प्यारामिलिटरी शैलीको पोसाक, दर्ज्यानी चिह्न तथा 'मार्शल', 'क्याडेट' लगायतका संरचनाले नेपाली सेना तथा सुरक्षा निकायको स्वरूप झल्काउने भन्दै आलोचना भएको थियो।

प्राप्त विवरण अनुसार ग्रिन आर्मीलाई सैनिक शैलीको पोसाक प्रयोगका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमार्फत अनुमति दिइएको थियो । उक्त प्रक्रियामा रक्षा तथा गृह मन्त्रालयको समेत स्वीकृति रहेको बताइएको छ।

सैनिक स्रोतका अनुसार नेपाली सेनाका मेजर जनरल अनन्तबहादुर कार्की तथा तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाको समयको स्वीकृतिका आधारमा पोसाक प्रयोगको अनुमति अघि बढेको थियो । तत्कालीन प्रधानसेनापति थापाले आफूबाट भएको स्वीकृतिलाई सच्याउन जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई अनुरोध गरेपनि त्यसपछि पनि प्रक्रिया नरोकिएको सैनिक अधिकारीहरूको दाबी छ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले पनि संस्थालाई सैनिक शैलीको पोसाक प्रयोग गर्न अनुमति दिइएको विषयमा प्रशासनले जानकारी लिइरहेको बताए।

अनुमति कसरी र कुन आधारमा प्रदान भयो भन्ने विषयमा अध्ययन भइरहेको उनको भनाइ छ।

ग्रिन आर्मी समाज कल्याण परिषद्मा समेत सामाजिक कार्य गर्ने संस्थाका रूपमा आबद्ध रहेको परिषद्का सदस्य सचिव चक्रबहादुर बुढाले जानकारी दिएका छन्। तर, दर्ता खारेजीपछि परिषदमा रहेको आबद्धता स्वतः खारेज नहुने र त्यसका लागि छुट्टै प्रक्रिया आवश्यक पर्ने बताइएको छ। हालसम्म ग्रिन आर्मीको समाज कल्याण परिषदमा आबद्धता खारेज नभएको बुढाले बताएका छन्।

राष्ट्रिय सेवा दलजस्तो राज्यको आधिकारिक संरचनाले समेत आफ्नो नाममा 'आर्मी' शब्द प्रयोग नगरेको अवस्थामा निजी कम्पनी वा गैरसरकारी संस्थाले सेनासँग मिल्दोजुल्दो नाम, पोसाक र दर्ज्यानी संरचना प्रयोग गर्नु उचित नहुने उनीहरूको तर्क छ।

ग्रिन आर्मीको प्रमुख सल्लाहकारमा नेपाल प्रहरीका पूर्वमहानिरीक्षक सर्वेन्द्र खनाल रहेको बताइएको छ। यस घटनासँगै गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएर सामाजिक क्षेत्रमा सक्रिय संस्थाहरूको नियमन र त्यस्ता संस्थाले प्रयोग गर्ने नाम, पोसाक तथा संरचनामाथि समेत प्रश्न उठेको छ।

यसैबीच, गृहमन्त्री सुधन गुरुङसँग सम्बन्धित 'हामी नेपाली' संस्था पनि गैरनाफामूलक कम्पनीका रूपमा दर्ता भएर सामाजिक गतिविधिमा सक्रिय रहेको विषय सार्वजनिक भएको छ । उक्त संस्थाको दर्ता तथा गतिविधि पनि ग्रिन आर्मीसँग मिल्दोजुल्दो कानुनी प्रक्रियाबाट अघि बढेको दाबी गरिएको छ।

# राहत सामाग्री लिएर जनकपुरबाट टोली प्रस्थान

**टुडे समाचारदाता**



जनकपुरधाम । रसुवा भोटेकोशी सहित विभिन्न नदी क्षेत्रमा आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकका लागि राहत सामग्री लिएर जनकपुरधामबाट एक टोली रसुवातर्फ प्रस्थान गरेको छ।

विपद्को समयमा प्रभावित परिवारलाई तत्काल मानवीय सहयोग उपलब्ध गराउने उद्देश्यले एकता मुस्लिम संगठन र महोत्तरी मुस्लिम कमिटी संघको पहलमा राहत सामग्री संकलन गरिएको हो।

संकलित सामग्रीसहितको टोली शनिबार जनकपुरधामबाट रसुवातर्फ प्रस्थान गरेको छ। राहत अभियानमा नेपाल तथा कतारमा रहेका विभिन्न व्यक्ति, संस्था र सामाजिक अभियन्ताहरूले सहयोग गरेका छन् । अभियानका क्रममा कतार स्थित इमरान ज्वेलर्ससहित विभिन्न सहयोगीले राहत सामग्री तथा आर्थिक सहयोग उपलब्ध गराएका थिए।

कतारबाट जिलानी साफी, इन्जिनियर जाबिर अन्सारी, आशिक शेख, जैनुद्दीन अन्सारी, बसरुद्दीन अन्सारी, फुरकान अन्सारी र सद्दाम राइन अभियानमा सक्रिय रूपमा सहभागी भएका थिए।

त्यस्तै, नेपालबाट हकीम राइन, जानी खान मधेशी, सलामत राइन, मुन्ना नेपाली, समिर सिद्दिकी, नजामुद्दिन हक तथा मुस्लिम युवा नागरिक समाजले राहत संकलन र व्यवस्थापनमा सहयोग गरेका छन्।

संकलित राहत सामग्री बाढी तथा पहिरोबाट प्रभावित परिवारलाई वितरण गरिनेछ । विपद्का कारण प्रभावित नागरिकलाई तत्काल आवश्यक सहयोग उपलब्ध गराउनुका साथै उद्धार तथा पुनर्स्थापनाका प्रयासमा समेत सहयोग पुर्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो।

अभियानले विपद्को समयमा समुदाय, क्षेत्र र धर्मभन्दा माथि उठेर मानवीय सहयोग र सामाजिक एकताको सन्देश दिन खोजेको आयोजकको भनाइ छ।

# धान खेतबाट गाँजा बरामद




**टुडे समाचारदाता**

बारा। बारा प्रहरीले धान खेतबाट १३९ किलो गाँजा बरामद गरेको छ। जिल्लाको पचरौता नगरपालिका-७ मा गाँजा बोकेर हिँडिरहेका ९ जना प्रहरीलाई देखेपछि बोरा खेतमै फालेर फरार भएका थिए।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार गएराति करिब १०:३० बजे प्रहरी चौकी श्रीनगर बैरिया र सशस्त्र प्रहरी बल, बीओपी बेनौलीबाट खटिएको संयुक्त गस्ती टोलीले बेनौली चोकदेखि करिब ३ सय मिटर पूर्व धान खेतको आलीमा ९ जना मानिसलाई झोलाजस्तो वस्तु बोकेर आउँदै गरेको देखेको थियो।

प्रहरी टोलीले उनीहरूलाई रोक्न खोज्दा बोकेर ल्याएका पोका धान खेतमा फालेर सबै जना फरार भएका थिए । त्यसपछि प्रहरीले खेतमा छाडिएका पोका नियन्त्रणमा लिएर जाँच गर्दा गाँजा फेला परेको हो।

प्रहरीका अनुसार ९ वटा पोकामा रहेको गाँजाको जुटको बोरासहित कुल तौल १५१ किलो थियो । जुटको बोरा हटाएर तौल गर्दा शुद्ध गाँजाको तौल १३९ किलो रहेको प्रहरीले जनाएको छ। बरामद गाँजा आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढ ल्याइएको छ।

गाँजा फालेर फरार भएका व्यक्तिहरूको खोजी भइरहेको तथा घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# ऋणीलाई यातना वा दबाव दिने गतिविधि रोक्न निर्देशन

**टुडे समाचारदाता**




जनकपुरधाम । ऋण असुलीका नाममा ऋणीलाई यातना दिने, घरबाट सामान उठाएर लैजाने तथा किस्ता नतिरेसम्म घरमै बसेर दबाब दिने जस्ता गैरकानुनी गतिविधि रोक्न निर्देशन दिएका छन्।

गृहमन्त्रालयलेदेशभरकाजिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै यस्ता गतिविधिविरुद्ध प्रचलित कानूनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो।

मन्त्रालयले भदौ १८ गते सचिवस्तरीय निर्णयअनुसार सबै जिल्ला प्रशासन कार्यालयलाई पठाएको पत्रमा ऋण असुलीका क्रममा हुने गैरकानुनी गतिविधिबाट पीडित व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने उल्लेख गरेको छ।


नेपाल सरकार र 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल' बीच २०८३ भदौ ६ गते भएको सहमतिलाई मन्त्रिपरिषद्को २०८३ भदौ १२ गतेको बैठकले ग्रहण गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरेको थियो।

सोही निर्णयअनुसार गृह मन्त्रालयसँग सम्बन्धित सहमतिको बुँदा कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको हो।

सहमतिको बुँदा नम्बर ८ मा ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्ने, गालीबेइज्जती तथा दुर्व्यवहारलगायतका गैरकानुनी कार्य गर्न नपाइने उल्लेख छ।

गृह मन्त्रालयले यस्ता कार्य भएको अवस्थामा पीडितको उजुरीका आधारमा प्रचलित कानूनअनुसार कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालयलाई भनेको छ । यस निर्देशनसँगै बैंक, वित्तीय संस्था, सहकारी तथा अन्य ऋणदाता संस्थाले ऋण असुलीका क्रममा कानुनविपरीत दबाब, धम्की वा दुर्व्यवहार गर्न नपाउने विषयलाई थप स्पष्ट पारिएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दलगत बिबाद थाँती राखेर राहतमा जुट

देशवासीले भीषण विपद्को सामना गरिरहेको छ । भोटेकोशीको बाढीले नेपालमा जनधनको ठूलो क्षति भएको छ। अझै खोजी र उद्धारको कार्य पूरा भएको छैन। खोजी र उद्धार कार्यमा सुरक्षाकर्मीहरुको टोली परिचालित नै छ। अझै जिवित व्यक्तिहरुको उद्धार भइरहेको छ। विभिन्न स्थानमा हराइरहेका मानिसहरु जिवित हुन सक्ने आशा मरिसकेको छैन । बेपत्ता रहेकाहरु जंगलमा हराइरहेको हुन सक्ने सम्भावना पनि छ ।राहत सामग्री र औषधिहरु सबै स्थानमा पुऱ्याउन अझै अनुकूल वातावरण बनिसकेको छैन । भत्किएका पुलहरुको स्थानमा बेलीब्रिज जडान गरी सवारी साधन चलाउन सुरक्षाकर्मीहरु लागेका छन् । देश र विदेशबाट आउने राहत सामग्रीको व्यवस्थापनमा प्रश्न उठन थालेको छ ।प्रभावितहरुको गुनासो छ ।सरकारले कार्बन उत्सर्जनगर्ने राष्ट्रहरुसित क्षतिपुर्तीको माग गर्न थालेको छ। त्यसलाई बल पुऱ्याउन दलहरुले सरकारलाई सहयोग गर्नुपर्छ । राजनीतिक दलहरु नेपाली कांग्रेस, एमाले सहितका दलहरु अहिले दलगत बिबादलाई थाँती राखेर राहत र अनुगमनमा लाग्न आवश्यक छ। दलको बिबाद केही महिना पर झिक्दा पनि अप्ठ्यारो हुँदैन । दलको समस्या निरन्तरत चलिरहने विषय हो। लोकतन्त्रमा जिवन्त पार्टीहरुमा विवाद र खिँचातानी हुनुलाई अस्वभाविक मानिदैन। अहिलेको अवस्था महाधिवेशन गर्ने होइन। बाढी प्रभावितहरुको पीडामा मलहम लगाउनु पर्ने समयमा दलगत विवादमा लाग्ने पार्टीहरु जनताबाट टाढिन सक्छ। सत्तारुढ दलका केही सांसद र नेताहरुले पनि सरकारको आलोचना गरिरहेका छन् । तर अहिले सरकारको आलोचना गर्ने बेला पनि होइन । सरकारले आफ्नो क्षमताले भ्याएसम्मको काम गरिरहेको छ। सरकारलाई सुझाव, सहयोग पुऱ्याउँदै पीडितहरुको पीडालाई कम गर्ने उपायहरुको खोजीमा सबै दल एकै ठाउँमा उभिनु पर्छ । आफनै दलको आधारमा अथवा सरकारको मार्फत राहत सामग्री वितरण र त्यसको अनुगमनमा पनि सबै दलहरु मिल्नुपर्छ। नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरु सरकारसित सहकार्य गर्ने बेला आ-आफ्नै दलहरुमा विवाद गर्ने होइन। सरकार र विपक्षमा रहेका राजनीतिक दलहरु सबै मिलेर विपद्मा राष्ट्रिय एकताको प्रदर्शन गर्नुपर्छ । देशवासीको हितको सवालमा दलगत भावनाभन्दा सबै नेताहरु माथि उठनुपर्छ । सरकारी राहत कोषमा देशका अतिविपन्न, बालबालिकाहरु समेतले रकम जम्मा गरिरहेका छन् । यसले राष्ट्रिय एकतालाई सबल बनाइरहेको छ । तराई, पहाड हिमाल सबै एकजुट भएको छ । राजनीतिक दलहरुले सरकारी कार्यहरुको निगरानी गर्दै आवश्यकता अनुसारको सहयोगलाई निरन्तर जारी राख्नुपर्छ। दलगत विवादलाई स्थिति सामान्य भएपछि समाधान तर्फ जादा उपयुक्त हुन्छ । देशमा बेपत्ताहरुको संख्या अझै धेरै छ । उनीहरुको खोजीलाई पनि जारी राख्न आवश्यक छ। सरकारसँगै सबै राजनीतिक दलहरुको जिम्मेवारी पनि छ। राहत, उद्धारलाई प्राथमिकता देउ ।

# व्यावसायिकताको बाटोमा भलिबल



राजु सिलवाल

नेपालमा हालैका वर्षमा खेलकुदमा व्यावसायिकता मौलाउँदै गएपछि सम्बन्धित खेलका खेलाडीमा केही हदसम्म भए पनि राहतको महसुस हुन थालेको छ । नेपालमा खेलेर बाँच्न सकिने अवस्था नभएपछि वैदेशिक रोजगारका लागि विभिन्न खेलका प्रतिभाशाली खेलाडी विदेशिनेक्रम बढिरहेका अवस्थामा निजी क्षेत्रको सक्रियतामा खेलकुदका प्रतियोगिता हुन थालेपछि त्यसले सकारात्मक वातावरण सिर्जना गरेको छ । क्रिकेट, फुटबल, बास्केटबल, कबड्डी तथा भलिबलजस्ता खेलका खेलाडीले फ्रेन्चाइज लिगका कारण नेपालमै खेलेबापत पारिश्रमिक पाउनु व्यावसायिक अभ्यासको सुखद सङ्केत मानिएको छ।

यसैक्रममा नेपालमा विगत कैयौं वर्षदेखि हिमालदेखि तराईसम्म लोकप्रिय मानिएको भलिबल अब खेलमा मात्र सीमित नभएर युवालाई भविश्यको सम्भावनाको ढोका खोल्ने स्थितिमा पुगेको छ। मनोरञ्जनका साथै खेलाडीबीच आपसी प्रतिस्पर्धामा रुमलिरहेको भलिबल प्रतिभावान खेलाडीको जीवन गुजारा गर्ने माध्यम बन्नसक्ने सम्भावना बढेको छ। नेपालमा पहिलोपटक उचाइको नयाँ उडान नाराका साथ यही भदौ १९ गतेदेखि सुरु हुन लागेको पुरुषको नेपाल भलिबल लिग एनभीएलले भलिबल खेललाई पनि पेसाका रूपमा स्थापित गर्दै व्यावसायिकताको नयाँ अध्याय सुरु गर्दैछ।

निजी क्षेत्रको केडिया समूह तथा नेपाल भलिबल सङ्घको सहकार्यमा आयोजित एनभिएल प्रतियोगितामा नेपाली खेलाडी विदेशी खेलाडीसँगै पारिश्रमिक लिएर विभिन्न छ वटा फ्रेन्चाइज टिममा अनुबन्धित भएका छन्। नेपाल भलिबल लिग देशको व्यावसायिक फ्रेन्चाइजमा आधारित पहिलो पुरुष भलिबल प्रतियोगिता हो । यसले भलिबल खेलको स्तर उकास्न, नयाँ प्रतिभाको खोजी गर्न तथा राष्ट्रिय खेलमार्फत देशलाई एकताबद्ध गर्ने अपेक्षा गरिएको छ। नेपालमा भलिबल खेललाई व्यावसायिक बनाएर खेलाडीहरूको यथोचित प्रगतिकालागि सघाउनु प्रतियोगिताको मूल लक्ष्य रहेको छ।

### बाढी पीडितप्रति समर्पित

भलिबल खेल अत्यन्त लोकप्रिय भएको रसुवा, नुवाकोट जिल्ला अहिले बाढी पहिरोले क्षतिग्रस्त भएको छ । विगतमा नियमित रूपमा अन्य खेलका साथै भलिबल प्रतियोगिता आयोजना हुँदै आएको रसुवामा बर्सेनि आयोजना हुने 'रेडपाण्डा' भलिबल प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन योगदान गरेको छ। नुवाकोटमा राष्ट्रियस्तरका भलिबल प्रतियोगिता आयोजना हुनुका साथै राष्ट्रिय टिममा त्यहाँका खेलाडीको प्रतिनिधित्व भइसकेको छ।

रसुवा र नुवाकोटमा नेपाल भलिबल सङ्घको जिल्ला शाखा क्रियाशील रहेका छन् । अब ती जिल्लामा जनजीवन सामान्य भई फेरि कहिले खेलकुद प्रतियोगिता सञ्चालन हुने हो कुनै टुङ्गो छैन । बाढी, पहिरोको क्षतिबाट मुलुक नै शोकाकुल अवस्थामा भएको बेला आयोजना हुन लागेको एनभिएल भलिबल प्रतियोगिता बाढीपीडितका लागि समर्पित गरिने भएको छ। प्रतियोगिताको पहिलो दिन टिकट बिक्रीबाट सङ्कलन हुने रकम बाढी पीडितका लागि प्रदान गरिने लक्ष्य राखिएको छ।

### महिला भलिबल स्थगित

भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै एभरेष्ट महिला भलिबल लिगको तेस्रो संस्करण भने स्थगित गरिएको छ । नेपालमा आयोजित एभरेष्ट महिला भलिबल लिग इभिएल प्रतियोगिता एशियाकै पहिलो व्यावसायिक महिला भलिबल लिग मानिएको छ । यो इण्डोर भलिबल फ्रेन्चाइज लिग आगामी असोज १५ गतेदेखि सुरु गरिने पूर्वनिर्धारित कार्यक्रम रहेको थियो । यसपाली स्वदेशी तथा विदेशी खेलाडीहरु सम्मिलित छ वटा टिमको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिएको थियो।

### टिमको संरचना

नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गरेका छ वटा टिम सगरमाथा स्मासर्स, मधेस वारियर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किङ्ग्स, कर्णाली शिवराज तथा खप्तड फाल्कन्सले यो प्रतियोगितामा सहभागिता जनाउँदै छन् । प्रत्येक टिममा मुलुकको प्रतिनिधित्व गरेका एक खेलाडीलाई मार्की खेलाडीका रूपमा चयन गरिएको छ । यसैगरी टिममा सात जना स्वदेशी खेलाडीलाई अनुबन्ध गर्नुपर्ने नियम रहेको छ। प्रत्येक टिमले 'क'स्तरका चार जना खेलाडी आफ्नो टिममा राख्न पाउने छन् । यस्तै तीन जना विदेशी खेलाडीलाई टिममा समावेश गर्न पाइनेछ। यस प्रतियोगितामा स्थानीय आकर्षण विदेशी खेलाडीको सहभागिता पनि हो। नेपाली दर्शकले विभिन्न मुलुकका खेलाडीलाई नेपाली खेलाडीका साथ टिममा देख्न पाउने छन्। यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगत रूपमा सम्पर्क हुने अवसर मिल्नुका साथै सीप सिक्ने मौका पाउने छन् । राम्रो प्रदर्शन गर्ने नेपालीका लागि भोलि विदेशी लिगमा सहभागिताको ढोका खुल्न सक्नेछ।

प्रतियोगिताको सहभागी अन्नपूर्ण स्पाइकर किङ्गसले मङ्गोलियाका तीन जना खेलाडीलाई भित्र्याएको छ। कर्णाली शिवराज टिमले पोल्याण्ड र बेलारुसका खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ भने मधेस वारियर्सले भारतीय खेलाडी एवं काठमाडौं रेडस तथा सगरमाथा स्म्यासर्सले पाकिस्तानी खेलाडीलाई अनुबन्धित गरेका छन् । खप्तड फाल्कन्स टिमले अफ्रिकी राष्ट्र बेनिनबाट खेलाडी भित्र्याएको छ भने ब्राजिल तथा रसियाका खेलाडी ल्याइने बताइएको छ।

नेपालमा भलिबल खेलप्रति विगतदेखि नै दर्शकको अभिरुचि अत्यधिक रहेको छ। नेपालका विभिन्न जिल्लामा आयोजना भएका भलिबल प्रतियोगितामा हजारौं दर्शकको उपस्थिति हुने गरेको छ । राष्ट्रिय खेलकुद परिषद्मा हालसम्म भलिबल



प्रतिभाशाली खेलाडीलाई पनि अवसर दिने लक्ष्यअनुसार हरेक टिमले छनोट शिविर सञ्चालन गरेर अनिवार्य रूपमा एक जनालाई समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

एनभिएल भलिबलमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन् । प्रतियोगिताको आयोजनादेखि लिएर सहभागी छ वटा टिमका लागि निजी क्षेत्रका व्यापारिक समुदायबाट आवश्यक लगानी गरिएको छ। नेपाली भलिबल खेलाडीलाई एनभिएल भलिबलमा लाखौं पारिश्रमिक लाखौं पारिश्रमिक दिने प्रतिबद्धता व्यक्त गर्दै अनुबन्धित गरिएको छ । उनीहरुलाई अक्सनमार्फत खेलाडीको स्तरअनुसार विभिन्न श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको हो।
प्रत्येक टिममा महत्वपूर्ण खेलाडीका रूपमा चयन गरिएका मार्की खेलाडीलाई आकर्षक पारिश्रमिक दिइएको अपेक्षा गरिए पनि रकम भने घोषणा गरिएको छैन । खेलाडीको अक्सनमा 'क' श्रेणीका खेलाडीलाई रु एक लाख २० हजारसम्म तथा 'ख' श्रेणीका खेलाडीलाई रु ७० हजारसम्म निर्धारण गरिएको थियो।

यसैगरी, प्रत्येक टिमका लागि चयन गरिएका प्रमुख प्रशिक्षकलाई दिइने पारिश्रमिक पनि सार्वजनिक गरिएको छैन। विभिन्न टिमका लागि खेलाइने विदेशी खेलाडीलाई नेपाली खेलाडीभन्दा बढी पारिश्रमिकका साथै अन्य सुविधा प्रदान गरिँदैछ। एनभिएल लिगको खेलका लागि मात्र छुट्टै खेल स्थल नभएकाले सीमित दर्शक क्षमता भएको काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा राष्ट्रियस्तरका प्रतियोगिता हुने गरेका छन्। सोही स्थलमा आयोजना हुने यो प्रतियोगितामा दर्शकको संख्या बढ्न जाने सहजै अनुमान गर्न सकिन्छ।

नेपालमा विभिन्न खेलका व्यावसायिक फ्रेन्चाइज लिग प्रतियोगिता आयोजना गर्ने क्रम बढ्दै गएको छ। निजी क्षेत्रको सक्रियतामा सम्बन्धित खेल सङ्घको सहकार्यमा यस्ता प्रतियोगिता क्रमिक रूपमा आयोजना हुँदै आइरहेका छन् । नेपालमा फ्रेन्चाइज लिगको सुरुआत क्रिकेटबाट भएको थियो । एभरेष्ट प्रिमियर लिग क्रिकेट प्रतियोगिताले नेपालमा व्यावसायिक फ्रेन्चाइज लिगको प्रारम्भ गरेको थियो तर यो प्रतियोगिता चार संस्करणसम्म सञ्चालन भएपछि बन्द भएको थियो । धनगढी प्रिमियर लिग क्रिकेट प्रतियोगितामा काठमाडौं उपत्यका बाहिर पहिलोपटक खेलाडीको अक्सन प्रणाली सुरु गरेको थियो।

यस्तै, पोखरा प्रिमियर लिग क्रिकेट प्रतियोगिताको लोकप्रियता पनि कम छैन । नेपाल प्रिमियर लिग एनपिएल भने नेपालकै ठूलो 'ट ट्वान्टी' क्रिकेट लिगका रूपमा स्थापित हुन पुगेको छ। दुई संस्करण सफलतापूर्वक सञ्चालन भइसकेको एनपिएल यो वर्ष तेस्रो पटक आयोजना हुँदैछ। नेपाल सुपर लिग नेपालको पहिलो व्यावसायिक फ्रेन्चाइज फुटबल प्रतियोगिताका रूपमा आयोजना हुँदै आएको छ।

नेपालमा महिला भलिबलको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता एभरेष्ट वुमन्स भलिबल प्रतियोगिताको दुई संस्करण सम्पन्न भइसकेका छन् । बास्केटबल खेलतर्फ पुरुष तथा महिलाका लागि नेपाल बास्केटबल लिग पनि फ्रेन्चाइज प्रतियोगिताको रूपमा स्थापित भएको छ। यसबाहेक, कबड्डी खेलको फ्रेन्चाइज प्रतियोगिता आयोजना भइसकेको छ।

नेपाल सरकारले गत २०७४ साल जेठ ८ गते भलिबललाई राष्ट्रिय खेलको मान्यता प्रदान गरेको थियो । कम खर्चमा गाउँदेखि सहरसम्म सजिलै खेल सकिने यस खेलको लोकप्रियतालाई दृष्टिगत गरेर सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो। पुरुष तथा तथा महिला दुवैको समान सहभागिता रहेको भलिबल खेल स्कूल तहदेखि राष्ट्रियस्तरसम्म खेल्ने गरिएको छ।

नेपाली भलिबल टिमले विगतमा विभिन्न अन्तरराष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । पुरुष भलिबल टिमको तुलनामा महिला भलिबल टिमले उल्लेखनीय रूपमा उपाधि प्राप्त गरेको छ । बङ्गलादेशमा सन २०१९ मा भएको एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई लगातार सोझो सेटले पराजित गर्दै भलिबलको इतिहासमा पहिलो उपाधि हासिल गर्दै स्वर्ण पदक जितेको थियो । सन् २०२१ मा बङ्गलादेशमा सम्पन्न एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले उज्वेकिस्तानलाई फाइनलमा दुईकाविरुद्ध तीन सेटले पराजित गर्दै दोस्रो पटक उपाधि जित्न सफल भएको थियो।

नेपालको राष्ट्रिय पुरुष भलिबल टिमले सन् २०१५ मा आयोजित दक्षिण एशियाली पुरुष भलिबल च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेको थियो । यस्तै माल्दिभ्समा सन् २०१७ मा सम्पन्न एभिसी सेन्ट्रल जोन सिनियर मेन्स भलिबल च्याम्पियनसिपमामा पनि नेपालले कास्य पदक जितेको थियो । केही सातापछि जापानमा हुने बिसौं एशियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय भलिबल टिमले पनि प्रतिस्पर्धा गर्दैछ। भुटानमा जारी काभाबीच भलिबल प्रतियोगितामा पनि नेपालको तर्फबाट पुरुष तथा महिलाको चार बेग्लाबेग्लै टिमले प्रतिस्पर्धा गर्दैछन्।

समष्टिमा एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुनेछ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जानेछ। मुलुकको खेलकुद विकासका लागि सरकारको मात्र भरपर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ।

नेपालमा हाल आयोजना हुँदै आइरहेका विभिन्न फेन्चाइज प्रतियोगिता प्रायः राजधानी काठमाडौंमा मात्र सीमित रहेका अवस्थामा यसलाई राजधानी बाहिर पनि विस्तार गर्न सकिएका खण्डमा ओझेलमा परेका अन्य प्रतिभाशाली खेलाडी पनि लाभान्वित हुनसक्ने आकलन गर्न सकिन्छ।

यसैगरी, खेलकुदप्रेमी स्वदेशी तथा विदेशीको संयुक्त सहभागिता रहेको टिमको स्तरीय प्रतियोगिता हेर्ने अवसरबाट लाभान्वित हुनसक्ने थिए । यस्ता प्रतियोगिताको आयोजनाबाट विभिन्न जिल्लामा खेलकुदका पूर्वाधार निर्माण हुनुका साथै फेन्चाइज प्रतियोगिताका लागि लगानीका नयाँ सम्भावना खोज्न सघाउ पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ।

# प्रधानमन्त्रीज्यू ! तपाईं 'स्टाटस'मा भन्दा 'स्टेट्सम्यानसिप'मा देखिनुपर्छ



सुरेन्द्र बस्नेत

राजनीतिशास्त्रमा कुनै पनि देश वा राज्यका मामिला र शासन व्यवस्थालाई विवेक, कुशलता र दीर्घकालीन सोचका साथ सञ्चालन गर्ने विशिष्ट कला वा क्षमतालाई नै राज्यकुशलता अथवा 'स्टेट्सम्यानसिप' भन्ने गरिन्छ। एक प्रकारले व्यक्तिगत वा दलीय स्वार्थभन्दा माथि उठेर देश र जनताको हितमा गरिने परिपक्व नेतृत्वमा नै स्टेट्सम्यानसिप निहित हुन्छ।

हरेक देशका राष्ट्राध्यक्ष वा सरकार प्रमुखबाट स्वाभाविक रूपमा स्टेट्सम्यानसिप अपेक्षित हुन्छ। यस शासकीय गुणलाई आमनागरिक मात्र होइन, कूटनीतिक संयन्त्रहरूमार्फत सिङ्गो अन्तर्राष्ट्रिय समुदायले पनि हेरिरहेको हुन्छ। भयानक राष्ट्रिय विपत्तिको त्रासदीपूर्ण यस घडीमा स्टेट्सम्यानसिपको कठघरामा हाम्रा प्रधानमन्त्री कहाँनेर उभिएका छन् ?

हुन त गत बुधबार संसदमा आएर प्रधानमन्त्री वालेन्द्र शाहले भने- 'आज म विशेष जिम्मेवारीसहित यस गरिमामय सार्वभौम संसदको रोस्ट्रममा उभिएको छु।' तर, भाद्र १० को भयानक विपत्तिपछिका नवौं दिनसम्म कुनै एउटा पनि सर्वदलीय बैठकमा सरिक नभएका प्रधानमन्त्रीले सदनमा थप आधा घण्टा बसेर आफ्नै दल र प्रमुख प्रतिपक्षसहित सबै विपक्षी दलका शीर्ष नेताको कुरा सुन्ने झमेला नगर्नुले उनमा त्यो 'विशेष जिम्मेवारी'को बोध भएको देखिँदैन। विपक्षीले महिनौंसम्म माग गर्दा पनि हत्तपत्त संसद नछिर्ने प्रधानमन्त्री त्यहाँ उपस्थित भएर सम्बोधन गर्नु पक्कै सकारात्मक कुरा हो। मुलुकको कार्यकारी प्रमुखको रूपमा उनले सरकारका तर्फबाट भए/गरेका प्रयासहरूबारे सदनलाई जानकारी गराए, त्यो पनि राम्रो कुरा नै हो।

तर, मुलुक यत्रो विपत्तिमा छ। राष्ट्रलाई एक ढिक्का पार्नुपर्ने अभिभारा र चुनौती छ। संसदीय लोकतन्त्रमा 'बडी ल्यांग्वेज'को पनि ठूलो लाक्षणिक अर्थ हुन्छ। तर, प्रधानमन्त्री फटाफट सदनमा छिर्छन्। सरासर लिखित मन्तव्य वाचन गर्छन्। त्यसपछि रफ्तारमा बाटो तताउँछन्। विपक्षी नेता पुष्पकमल दाहालकै भाषामा उनले कसैलाई हेर्दा पनि हेर्दैनन्, कसैसँग बोल्दा पनि बोल्दैनन् र कसैका कुरा सुन्दा पनि सुन्दैनन्। पक्कै पनि नयाँ हुनु भनेको पुरानाका नराम्रा कुरा छाड्नु र पुरानाभन्दा अझ जवाफदेही हुनु पो होला। स्टेट्सम्यानसिप अर्थात् राज्यकुशलताको कसीमा प्रधानमन्त्री निरन्तर अलमलिइरहेका छन्, जसको मूल्य ३ करोड नेपालीले तिर्नुपर्ने हुन्छ।

### दलप्रतिको चरम असहिष्णुता

अवश्य पनि प्रधानमन्त्री शाहको दल राष्ट्रिय स्वतन्त्र पार्टीले गत निर्वाचनमा झण्डै ५० प्रतिशत मत हासिल गरेको छ। तर, बिर्सनु नहुने कुरा के छ भने उनको दलभन्दा बाहिर पनि बाँकी ५० प्रतिशत जनमत छ। राष्ट्रिय संकटको बेला मुलुकका सबै प्रमुख दल मन, वचन र कर्मले एकैठाउँ छन् भन्ने सन्देश मात्रको पनि ठूलो अर्थ हुन्छ। तर, प्रधानमन्त्री शाहले विपक्षीलाई त परै जाओस्, स्वयम् आफ्नै दललाई समेत उस्तो वास्ता गरेको देखिँदैन।

एकछिनलाई पुराना कुरा छोडौं। भाद्र १० पछिकै कुरा गरौं। आजसम्म प्रधानमन्त्रीले न त एउटा कुनै सर्वदलीय बैठक आह्वान गरेका छन्, न त भाग नै लिएका छन्। २०७२ सालको भूकम्प, कोभिडको महामारी सामना गरेका प्रमुख दलका शीर्ष नेतासँग पनि केही न केही अनुभव पक्कै छ। एक हिसाबले ती अनुभवमाथि राष्ट्रकै लगानीमा आर्जित सम्पत्ति हुन्। तिनको भरपूर सदुपयोग गर्नु राज्यको दायित्व र अधिकार दुवै हो। तर, यस मामिलामा प्रधानमन्त्री असाध्यै अनुदार र असहिष्णु देखिए।

यसबीचमा उनले एकाधबाहेक दल र तिनका नेतासँग दुईपक्षीय वा बहुपक्षीय कुनै पनि खालको संवाद गरेको देखिएन। दलहरू निरन्तर हामी सरकारलाई साथ दिन्छौं भनिरहेका छन्। तर, सरकारले उनीहरूको साथ लिन खोजेको पटक्कै देखिँदैन। रास्वपा सभापति रवि लामिछानेले सर्वदलीय बैठक बोलाए। त्यसको ठाउँमा स्वयम् सरकारले सर्वदलीय बैठक बोलाएको भए त्यसको मूल्य अझ माथि हुन्थ्यो। त्यति नभए प्रधानमन्त्री स्वयम् त्यो बैठकमा आएको भए पनि एउटा ठूलो अर्थ हुन्थ्यो। तर, न त उनले बैठक नै बोलाए, न त अरुले बोलाएको बैठकमा नै गए। यसमा उनको रुचि नै देखिँदैन।

यहाँसम्म कि विपत्तिपछिका उनका सुरुवाती स्टाटसमा राजनीतिक दललाई स्मरण र सम्बोधन गर्नेतर्फ पनि उनले तत्परता देखाएका छैनन्। दलीय प्रणालीमा मुलुक महासंकटमा परेको बेला स्वयम् प्रधानमन्त्रीको दलप्रतिको यो तहको अरुचि निकै अपरिपक्व देखिन्छ। यसमा लोकतान्त्रिक आचरण र संस्कारको व्यापक अभाव देखिन्छ।राजनीतिक दलप्रतिको यस प्रकारको असहिष्णुता र इरिटेसनबाट प्रधानमन्त्री बाहिर निस्कनैपर्छ। प्रधानमन्त्रीले अविलम्ब सर्वदलीय एवं सर्वपक्षीय बैठक तथा परामर्श गरेर एकीकृत राष्ट्रिय शक्ति निर्माण गरी यो महाविपत्तिको सामना गर्ने तदारुकता लिनु जरुरी छ। उनले आफ्नो आचरण, लय र कार्यशैलीको माध्यमबाट विपत्तिको सामना गर्न सिङ्गो मुलुक एक ठाउँ छ भन्ने सन्देश दिन ढिलाइ गर्नु हुँदैन। तर विडम्बना, अहिलेसम्म त्यही भइरहेको छ।

### प्रदेश र स्थानीय सरकारलाई सुरुवाती उपेक्षा

१० भदौको घटनालगत्तै प्रधानमन्त्री वालेनले भन्ने गरेका 'देश बनाउने टोली'का अनन्य सदस्य एवं पूर्वाधारमन्त्री सुनिल लम्सालले प्रदेश र स्थानीय सरकारप्रति तीव्र आक्रोश पोखे। अभिभावकको रूपमा समन्वय गर्नुपर्ने संघीय सरकारका महत्त्वपूर्ण मन्त्रीको यो अभिव्यक्ति असाध्यै गैरजिम्मेवार थियो।

संकटको घडीमा समन्वय र सहकार्यको हात बढाएर सँगसँगै लानुपर्ने स्थानीय सरकारलाई हप्कीदप्की गर्ने मन्त्री लम्सालको शैलीमा शासकीय अहंकार र अक्षमता दुवै झल्कन्थ्यो। उद्धार तथा राहत वितरणमा प्रदेश र स्थानीय तहलाई उपेक्षा गरिएका खबरहरू व्यापक रूपमा सार्वजनिक हुन थालेपछि प्रधानमन्त्रीले त्यसको खण्डन गर्ने प्रयास गरेका छन्। उनले स्थलगत भ्रमणमा जाँदा बागमतीका मुख्यमन्त्रीसँग भेटघाट भएको दलिल पेस गरेका छन्। तर, यससम्बन्धमा मुख्यमन्त्रीको गुनासो भने अर्कै छ। उनले प्रधानमन्त्रीको स्थलगत भ्रमणबारे आफूलाई कसैले कुनै पूर्वजानकारी नदिइएको र आफू त्यही भएकाले संयोगवश जम्काभेट मात्र भएको उल्लेख गरेका छन्।

त्यसैले समन्वयको रटान लगाउनु एउटा कुरा हो तर साँचिकै समन्वय हुनुचाहिँ अर्को कुरा हो। प्रधानमन्त्रीले प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री एवं बाढीग्रस्त क्षेत्रका प्रदेश सांसद र स्थानीय तहका जनप्रतिनिधिसँग प्रत्यक्ष बैठक बस्दा केही बिग्रँदैन बरु धेरै बन्न सक्छ। सुरुवाती चरणको तुलनामा प्रदेश र स्थानीय तहसँगको समन्वय बढेको छ तर अझै अपेक्षाकृत र गुणात्मक हुन सकेको छैन।

### अन्तर्राष्ट्रिय सहयोग अपिलमा विलम्ब

यसपालिको विपत्ति सामान्य बाढीपहिरो नभएर भयानक महाप्रलय नै हो। यो राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रियस्तरको महाविपत्ति हो। यसर्थ यस्तो महासंकटमा घटना घटेकै दिन प्रधानमन्त्री बालेनले आमउद्धार, टनेल रेस्क्यु र राहतका लागि अन्तर्राष्ट्रिय समुदायलाई खुलेआम आह्वान गर्नुपर्थ्यो। तर, भयो ठीक उल्टो ! गत बुधबार संसदमा प्रधानमन्त्री बालेनले केही सफेद झुट र तथ्यहीन विषय बोलेका छन्। उनले एकातिर उद्धारका लागि विदेशीलाई नरोकेको कुरा गरेका छन् भने अर्कातिर हेलिकोप्टर ल्यान्ड गर्ने र टेक्ने ठाउँसमेत नरहेकाले विदेशी आउन रोक्नुपरेको हास्यास्पद र घुमाउरो दलिल पेस गरेका छन्। यो भनाइ आफैँमा विरोधाभासपूर्ण छ।

सुरुवाती चरणमा उद्धारका लागि विदेशी सहायतालाई स्वीकार नगरिएको कुरा स्वयम् अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल र शिक्षामन्त्री सस्मित पोखरेलले सार्वजनिक रूपमै बताइसकेका छन्। स्वाभाविक रूपमा जलवायु परिवर्तनबाट सिर्जित यो भयानक 'जलप्रलय' नेपालको मात्र नभएर अन्तर्राष्ट्रिय समुदायकै चिन्ताको विषय हो। यस अर्थमा यसको सामना पनि सबै मिलेर नै गर्नुपर्दथ्यो। ४४ देशका नागरिकसमेत यस महामारीबाट आक्रान्त भएकाले अन्तर्राष्ट्रिय समुदायलाई समयमै गुहार्नु झनै सहज र न्यायसंगत कुरा थियो। तर, प्रधानमन्त्रीको शासकीय अक्षमताका कारण नागरिक उद्धारको 'गोल्डेन आवर' गुम्न पुग्यो।

घटनाको नवौं दिनमा समेत त्रिशूली ३ 'ए' को टनेलभित्रबाट उद्धारको पर्खाइमा तड्पिरहेका मानिसहरूको आवाज आएका खबरहरू आइरहेका छन्। तर विडम्बना, सरकारले झण्डै तीन दिनसम्म त सुरुङको काम सुरु नै गरेको थिएन। उद्धारमा इच्छुक अन्तर्राष्ट्रिय समुदायलाई न समयमै अनुमति दियो, न त आमन्त्रण नै गऱ्यो। बरु उल्टै प्रधानमन्त्रीले भनिदिए, 'यस्तो टनेल रेस्क्यु गर्ने प्रविधि र जनशक्ति संसारमै रहेनछ।'

### प्रधानमन्त्रीज्यू ! "स्टाटस" होइन, "स्टेट्सम्यानसिप" देखाउनुस्

हाम्रा प्रधानमन्त्रीमा असाध्यै धेरै सामाजिक सञ्जालमा 'स्टाटस' पोस्ट गर्ने मोह देखिन्छ। युवामाझ असाध्यै लोकप्रिय ऱ्यापरको पृष्ठभूमिबाट जेन-जी आन्दोलनमार्फत निरन्तरतामा क्रमभङ्ग गरेरै उनको उदय भएकाले कतिपय कुरा स्वाभाविक पनि मान्नुपर्ला। तर, प्रधानमन्त्रीज्यू ! तपाईं अब न त अज्ञात विद्रोही हो, न त कुनै तिलस्मी अभियन्ता नै। तपाईं त ३ करोड नेपाली जनताको साझा अभिभावक हो। तपाईं उठ्दा देश उठ्छ, तपाईं अलमलिँदा देश अलमलिन्छ।

देश यतिबेला भयानक महाविपत्तिमा छ। तपाईंले राजनीतिक दलहरूसँग समयमा सघन छलफल गरेको देखिँदैन। संकटको यस घडीमा तपाईंले विपक्षी दल त परै जाओस्, स्वयम् आफ्नो दलसँग पनि सार्थक छलफल गरेको देखिँदैन। अन्तर्राष्ट्रिय समुदायसँग खुला आह्वान र वार्ता-संवाद गरेको सुनिँदैन। राज्यका उच्च अधिकारी-पदाधिकारीलाई बोलाएर निर्देशन दिएको पाइँदैन। सुरक्षाफौजको मनोबल बढाएको पाइँदैन। विज्ञहरूसँग छलफल गरेको देखिँदैन। आत्तिएका पीडित जनलाई आशालाग्दो अपिल गरेको सुनिँदैन। जम्माजम्मी साँझ गृह प्रवक्ताको भाकामा हरेक दिन एउटा लामो स्टाटस पोष्ट हुन्छ। प्रधानमन्त्रीज्यू, फेसबुकको स्टाटस मात्रले राज्यकुशलता अभिव्यक्त हुँदैन। तपाईं स्टाटसमा भन्दा बढी 'स्टेट्सम्यानसिप'मा देखिनुपर्छ। यो शिलापत्रडटकमबाट साभार गरिएको छ।

# राप्रपाले सोध्यो बागमतीका ३ सांसदलाई स्पष्टीकरण



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले बागमती प्रदेश सभाका तीन सांसदलाई पार्टीको निर्णय र ह्वीप उल्लंघन गरेको भन्दै तीन दिने स्पष्टीकरण सोधेको छ । प्रदेश सांसदहरू मोनिका श्रेष्ठ, डम्बर तामाङ र नुरज बज्राचार्यलाई गत १९ गते राप्रपाको अनुशासन समितिले स्पष्टीकरण सोधेको छ ।

राप्रपाले बागमती प्रदेश सरकार निर्माण प्रक्रियामा सहभागी नहुन आफ्ना सांसदहरूलाई ह्वीप जारी गरेको थियो । तर, ती सांसदले उक्त निर्देशनको उल्लंघन गर्दै सरकारको पक्षमा मतदान गरेको पार्टीको ठहर गरेको छ ।

बागमती प्रदेश सभा संसदीय दलका नेता उद्धव थापाले पार्टीको आधिकारिक निर्णय विपरीत निजी लेटरप्याड प्रयोग गरी नेकपा एमालेका किरण थापा मगरलाई मुख्यमन्त्रीमा समर्थन गरेको विषयमा पार्टीले यसअघि नै कारबाही गरिसकेको थियो ।

भदौ १४ गते बसेको केन्द्रीय कार्य सम्पादन समितिको बैठकले थापालाई प्रदेश सभा सदस्यबाट पदमुक्तको सिफारिस र साधारण सदस्यबाट समेत निलम्बन गरिसकेको अवस्थामा पनि तीन सांसद सरकार निर्माणको पक्षमा उभिनुलाई पार्टीले गम्भीर अनुशासन उल्लंघनका रूपमा लिएको छ ।

अनुशासन समितिकी अध्यक्ष रोशन कार्कीले पठाएको पत्रमा भनिएको छ, 'पार्टीले प्रदेश सरकार निर्माण प्रक्रियामा सहभागी नहुन ह्वीप जारी गरेको सन्दर्भमा तपाईँले बागमती प्रदेश सरकार निर्माण प्रक्रियामा सहभागी भई समर्थनमा मतदान गर्नुभएकोले किन कारबाही नगर्ने ?'

राप्रपाको विधान २०४८ (संशोधन सहित २०७८) को दफा ३० (ङ) बमोजिम उनीहरूलाई प्रदेश सभा सदस्यबाट पदमुक्त र पार्टीको साधारण सदस्यबाट समेत किन निलम्बन नगर्ने भनी ७२ घण्टाभित्र स्पष्टीकरण पेश गर्न भनिएको छ ।

बागमतीका प्रमुख सचेतक डम्बर तामाङले मुख्यमन्त्री थापालाई मत नहाल्ने पाँच जनालाई स्पष्टीकरण सोधेका थिए ।

# अमेरिका जाँदै प्रधानमन्त्री

**सरकारले हालसम्म प्रधानमन्त्रीको भ्रमण कार्यक्रम औपचारिक रूपमा घोषणा नगरे पनि उनी महासभामा सहभागी हुने निश्चित भएको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।**

**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन प्रधानमन्त्री बालेन्द्र साह अमेरिका जाने भएपछि नेपालबाट जाने टोलीको तयारी थालिएको छ ।

यसका लागि प्रधानमन्त्री कार्यालय र परराष्ट्र मन्त्रालय आन्तरिक तयारीमा जुटेका छन् ।

सरकारले हालसम्म प्रधानमन्त्रीको भ्रमण कार्यक्रम औपचारिक रूपमा घोषणा नगरे पनि उनी महासभामा सहभागी हुने निश्चित भएको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले बताएका छन् । मन्त्रालयका अनुसार यसपटक विगतका तुलनामा निकै सानो टोली लिएर प्रधानमन्त्री अमेरिका जानेछन् । प्रधानमन्त्रीको टोलीमा १० देखि ११ जना मात्र रहने बताइएको छ । यसअघि परराष्ट्रमन्त्री खनालसँग जाने पाँच सदस्यीय टोलीबारे मन्त्रिपरिषद्ले निर्णय समेत गरिसकेको छ ।



प्रधानमन्त्रीको टोलीमा उनका प्रमुख सल्लाहकार कुमार बेन, निजी सचिवहरू सुभाष शर्मा र प्रदीप पजियार, फोटोग्राफर विनय शाक्य र शिष्टाचार (प्रोटोकल) प्रमुख रहने परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । त्यस्तै, परराष्ट्रमन्त्री खनालको टोलीमा सचिव अमृतबहादुर राई, राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा, परराष्ट्र मन्त्रालयको राष्ट्रसङ्घ मामिला हेर्ने सहसचिव कृष्णप्रसाद ढकाल र अधिकारी कुमारराज खरेल सहभागी हुनेछन् ।

महासभामा प्रधानमन्त्री बालेनले असोज ८ गते सम्बोधन गर्ने कार्यतालिका तय भइसकेको छ । सम्बोधनको एक-दुई दिनअघि जाने र सम्बोधन लगत्तै फर्कने गरी भ्रमण तालिका बनाइँदै छ । यद्यपि, भ्रमणको मिति र सहभागीहरूको अन्तिम नामावलीबारे छलफल जारी रहेको मन्त्रालयले जनाएको छ । यसअघि ७८औँ महासभामा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले १२ सदस्यीय टोलीको नेतृत्व गरेका थिए । त्यस्तै, ७९औँ महासभामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा २२ सदस्यीय टोली सहभागी भएको थियो ।

८०औँ महासभाका समयमा भने नेपालमा जेन- जी आन्दोलन चर्किएको र प्रधानमन्त्री सुशीला कार्कीको व्यस्तताका कारण उच्चस्तरीय टोली जान सकेको थिएन । त्यतिबेला स्थायी प्रतिनिधि लोकबहादुर क्षेत्रीले नेपाली टोलीको नेतृत्व गरेका थिए । ८१औँ महासभामा पनि शुरुमा परराष्ट्रमन्त्रीले नै नेतृत्व गर्ने तय भए पनि भदौ १० गते रसुवाको भोटेकोशीमा आएको हिमबाढीपछि प्रधानमन्त्री बालेन्द्र साहले भ्रमणका लागि अग्रसरता देखाएका हुन् । उनले महासभामा जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको विपद्बारे विश्व समुदायको ध्यानाकर्षण गराउने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्रीस्तरबाटै सम्बोधन हुँदा जलवायु परिवर्तनको मुद्दा थप प्रभावकारी हुने सल्लाह पाएपछि प्रधानमन्त्री बालेन्द्र साह अमेरिका जान तयार भएको बताइन्छ ।

# ओलीको तस्बिर प्रयोग गरी भ्रामक पोस्टर बनाइएको भन्दै आपत्ति




**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको तस्बिर प्रयोग गरी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) बाट निर्मित भ्रामक, अनर्गल तथा अपमानजनक पोस्टर सामाजिक सञ्जालमा राखिएकोप्रति आपत्ति जनाएको छ ।

प्रचार तथा प्रकाशन विभाग प्रमुख निरज आचार्यले डिजिटल प्रविधिको दुरुपयोग गरी पार्टी नेतृत्वको चरित्र हत्या गर्ने उद्देश्यले यस्ता सामग्री सम्प्रेषण गरिएको जनाएका छन् ।

सामाजिक सञ्जाल मार्फत आचार्यले पार्टीले घटनालाई 'अराजनीतिक, अनैतिक र आपराधिक' क्रियाकलापको संज्ञा दिँदै त्यस्ता गतिविधिको घोर निन्दा एवं भर्त्सना गरेका छन् । यस्ता अराजक तथा घृणास्पद गतिविधि तत्काल बन्द गर्न सम्बन्धित पक्षलाई चेतावनी दिन्छौं - आचार्यले भनेका छन् ।

एमालेले प्रचलित विद्युतीय कारोबार ऐनविपरीत साइबर अपराधमा संलग्न व्यक्तिहरूलाई तत्काल पहिचान गरी कानुनी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरो तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ ।

डिजिटल प्रविधिको प्रयोगमार्फत नेतृत्वविरुद्ध भ्रम फैलाउने र अपमानजनक सामग्री प्रसारण गर्ने कार्यलाई गम्भीर रूपमा लिँदै दोषीमाथि प्रभावकारी कानुनी कारबाही हुनुपर्ने माग प्रचार प्रमुख आचार्यले गरेका छन् ।

# 'जेन- जी शहीद स्मारक पार्क तथा शालिक र स्तम्भ'को शिलान्यास



काठमाण्डु । सिंहदरबारस्थित सङ्घीय संसद् भवन परिसरमा 'जेनजी सहिद स्मारक पार्क तथा शालिक र स्तम्भ'को शिलान्यास गरिएको छ । गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्साल र जेनजी सहिद परिवार कल्याणकारी समाजका ज्येष्ठ सदस्य वासुदेव जोशीले संयुक्त रूपमा उक्त संरचनाको शिलान्यास गर्नुभयो ।

त्यसक्रममा गृहमन्त्री गुरुङले जेनजी पुस्ताको माग सम्बोधन गर्न आफूहरू लागिरहेको बताउनुभयो । "हामीले जे कसम खाएका छौँ । त्यसलाई पूरा गर्छौं", उहाँले भन्नुभयो ।

गत वर्ष भदौ २३ गते जेनजी आन्दोलन भएको थियो । आन्दोलनमार्फत तत्कालीन सरकार विघटन भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन भएको थियो ।

गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनपछि वर्तमान सरकार गठन भएको हो । यही भदौ १८ गतेको मन्त्रिपरिषद् बैठकले जेनजी सहिद दिवसका अवसरमा भदौ २३ गते नेपाल मुलुकभर सार्वजनिक बिदा दिने निर्णय गरेको छ । रासस

# परराष्ट्रमन्त्री खनाल र गणतन्त्र कोरियाका विदेशमन्त्री छोबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल र गणतन्त्र कोरियाका परराष्ट्रमन्त्री छो ह्युनबीच नेपालमा हालै आएको विनाशकारी भोटेकोशी बाढीपछि जारी खोज, उद्धार तथा राहत कार्यका साथै द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल भएको छ ।



परराष्ट्र मन्त्रालयमा शनिबार भएको द्विपक्षीय भेटवार्ताका क्रममा यही भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि बेपत्ता हुनुभएका गणतन्त्र कोरियाका नागरिकहरूको खोजी तथा उद्धार कार्यका विषयमा पनि गम्भीर छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

सो अवसरमा परराष्ट्रमन्त्री खनालले बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यमा सहयोग पुऱ्याउन अन्तरनिकाय द्रुत प्रतिकार्य टोली तथा कोरियाको 'डिजास्टर रिलिफ टिम' पठाउनुभएकामा गणतन्त्र कोरिया सरकारप्रति आभार व्यक्त गर्नुभयो । उहाँले बाढीपीडित नागरिकका लागि गणतन्त्र कोरिया सरकारबाट उपलब्ध गराइएको मानवीय सहायता तथा राहत सामग्रीप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

विपद्पछिको पुनर्निर्माणलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै मन्त्री खनालले भविष्यमा यस्ता विपद्बाट कम क्षति हुनेगरी दिगो र सुरक्षित पूर्वाधार निर्माण तथा 'बिल्ड ब्याक बेटर' अवधारणाअनुसार पुनर्निर्माण अघि बढाइने बताउनुभयो । यस कार्यमा गणतन्त्र कोरियाबाट निरन्तर सहयोग प्राप्त हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

भेटवार्तामा गणतन्त्र कोरियाका परराष्ट्रमन्त्री ह्युनले नेपालमा विपद्पछिको पुनर्निर्माण तथा पुनःस्थापनाका प्रयासमा आफ्नो सरकारबाट आवश्यक सहयोग उपलब्ध गराउन इच्छुक रहेको बताउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

जलवायु परिवर्तनका कारण नेपालजस्ता मुलुकले भोग्नुपरेको जनधन तथा पूर्वाधारको क्षतिप्रति अन्तरराष्ट्रिय समुदायको ऐतिहासिक जिम्मेवारी रहेको उल्लेख गर्दै मन्त्री ह्युनले जलवायु परिवर्तनका असर र त्यसबाट सिर्जित विपद्का विषयमा विश्वसमुदायलाई थप संवेदनशील बनाउन नेपाल र गणतन्त्र कोरियाले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप) लगायतका अन्तरराष्ट्रिय मञ्चमा जलवायु परिवर्तनका कारण नेपालजस्ता मुलुकले भोग्नुपरेका चुनौती र क्षतिका विषयमा संयुक्त रूपमा आवाज उठाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

साथै, नेपालले जलवायु परिवर्तनबाट भएको क्षतिका लागि अन्तरराष्ट्रिय समुदायबाट प्राप्त गर्नुपर्ने वित्तीय सहयोगका विषयमा गणतन्त्र कोरियाले आफ्नोतर्फबाट आवाज उठाउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा दुवै मन्त्रीहरूले नेपाल र गणतन्त्र कोरियाबीच लामो समयदेखि कायम रहेको मैत्रीपूर्ण सम्बन्ध, पारस्परिक विश्वास, समझदारी र सहकार्यलाई अझ सुदृढ एवं व्यापक बनाउँदै द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन निकट सहकार्य जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

नेपाल र गणतन्त्र कोरियाबीच श्रम, विकास साझेदारी, व्यापार, लगानी, प्रविधि तथा जनस्तरको सम्बन्धलगायत विभिन्न क्षेत्रमा सहकार्य हुँदै आएको छ । पछिल्लो विपद्का समयमा गणतन्त्र कोरियाबाट प्राप्त खोज तथा उद्धार सहयोग, मानवीय सहायता र राहत सामग्रीले दुई देशबीचको मित्रता र ऐक्यबद्धतालाई थप सुदृढ बनाएको छ । रासस

# भोटेकोशी बाढीबारे छलफल गर्न नेकपाको बैठक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले केन्द्रीय संयोजन समितिको बैठक आह्वान गरेका छन् ।




भोटेकोशी बाढी प्रभावित क्षेत्रमा पार्टीको तर्फबाट भइरहेका खोजी, उद्धार र राहत वितरणको समीक्षा र थप योजना बनाउनका लागि बैठक बोलाएको प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए । उनका अनुसार बैठक शुरु भएको छ ।

'भोटेकोशी बाढी प्रभावित क्षेत्रमा पार्टीले गरेका कामको समीक्षा र आगामी योजना बनाउन बैठक बोलाएको हो', ज्वालाले भने । भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँको तटीय क्षेत्रमा ठुलो जनधनको क्षति भएको थियो ।

पार्टीको तर्फबाट बागमती प्रदेशका इन्चार्ज डा. गंगालाल तुलाधरको संयोजकत्वमा केन्द्रीय खोजी, उद्धार र राहत टोली गठन गरेको थियो ।

# भोटेकोशी विपद्को असरबाट पोखराको पर्यटन जोगाउन निजी क्षेत्रको चिन्ता

कास्की । यही भदौ १० गते भोटेकोशी नदीमा आएको विनासकारी बाढीपछि त्यसको नकारात्मक असर देशको पर्यटकीय राजधानी पोखराको पर्यटन र समग्र अर्थतन्त्रमा समेत पर्न थालेको भन्दै निजी क्षेत्रले चिन्ता व्यक्त गरेको छ ।

पोखरा उद्योग वाणिज्य सङ्घको ३६औँ महाधिवेशनको शनिबार उद्घाटन कार्यक्रममा सहभागी उद्योगी तथा पर्यटन व्यवसायीले विपद् प्रभावित क्षेत्रबाहेक नेपालका अन्य पर्यटकीय गन्तव्य सुरक्षित र सञ्चालनमा रहेको सन्देश अन्तरराष्ट्रिय बजारसम्म पुर्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । विपद्का कारण पूरै देश नै असुरक्षित बनेकोजस्तो नकारात्मक सन्देश बाहिर गएको उल्लेख गर्दै उहाँहरूले पोखरा सुरक्षित रहेको र भ्रमणका लागि उपयुक्त गन्तव्य भएको सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले प्राकृतिक विपत्तिको असर पोखराको पर्यटन क्षेत्रमा गम्भीर रूपमा पर्न थालेको बताउनुभयो । विपद्सम्बन्धी नकारात्मक सन्देशका कारण पर्यटक आगमन प्रभावित हुनसक्ने भन्दै उहाँले पोखराको अर्थतन्त्रमा पर्न सक्ने असरबारे समयमै चिन्तन गर्नुपर्नेमा जोड दिनुभयो ।

"प्राकृतिक विपत्तिपछि अहिले पर्यटक आउन सकेका छैनन् । लामो समय पर्यटक आएनन् भने पोखराको अर्थतन्त्रमा कस्तो असर पर्ला ? यसबारे चिन्तनमनन गर्दै समाधानका लागि अहिल्यै लाग्नुपर्छ । ढिला गर्ने छुट हामीलाई छैन", उहाँले भन्नुभयो ।



नेपाल पर्यटन बोर्डका सदस्य सन्तोष पोखरेलले विपद् प्रभावित क्षेत्रबाहेक नेपालका अधिकांश पर्यटकीय गन्तव्य खुला र सुरक्षित रहेको सन्देश अन्तरराष्ट्रिय क्षेत्रमा प्रभावकारी रूपमा प्रवाह गर्नुपर्ने बताउनुभयो । "विपद्को प्रत्यक्ष असर नपरेका क्षेत्रमा समेत पर्यटन गतिविधि घट्दा असर परेको छ । पोखरासहित नेपालको पर्यटन क्षेत्रको विकास तथा अन्तरराष्ट्रिय प्रचारप्रसारमा सक्रिय भूमिका खेल्नुपर्ने खाँचो छ", उहाँले भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जनकुमार श्रेष्ठले भोटेकोशी बाढी प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि अन्तरराष्ट्रिय समुदायसँग समेत सहयोग मागिएको बताउनुभयो । उहाँले महासङ्घले विश्वका ७० वटा उद्योग तथा वाणिज्य सङ्घलाई पत्र पठाएर नेपालको विपद् पुनःस्थापनामा सहयोग गर्न आग्रह गरेको जानकारी दिनुभयो ।

"विपत्तिबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि राज्यलाई ठूलो आर्थिक स्रोत आवश्यक छ । त्यसका लागि हामीले राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा सहयोगका लागि आह्वान गरेका छौँ । विदेशमा रहेका उद्योग तथा वाणिज्य सङ्घसँग समेत सहयोगका लागि पहल भइरहेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "देशमा ठूलो विपत्ति परेको छ । यस्तो अवस्थामा सबै व्यवसायी तथा निजी क्षेत्रले मानवीय भावनाका साथ खुलेर सहयोग गर्नुपर्छ ।"

अध्यक्ष श्रेष्ठले नेपालमा विपद्को जोखिम बढ्दै गएको उल्लेख गर्दै दीर्घकालीन रूपमा विपद् न्यूनीकरणका लागि पूर्वतयारी र योजनाबद्ध विकासमा जोड दिनुपर्ने बताउनुभयो । नदी तथा खोला किनारमा भइरहेको अव्यवस्थित बस्ती विस्तार, हिमताल र अन्य प्राकृतिक जोखिमलाई गम्भीरतापूर्वक लिनुपर्ने उहाँको भनाइ थियो । निजी क्षेत्र अहिले चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै उहाँले व्यवसायीलाई निरुत्साहित गर्नेभन्दा लगानी र उद्योग सञ्चालनका लागि सहज वातावरण बनाउन सरकारसँग आग्रह गर्नुभयो ।

**लक्ष्मी विद्या पदकबाट तीन विद्यार्थी सम्मानित**

कार्यक्रमका अवसरमा लक्ष्मी ग्रुप प्रालिद्वारा स्थापित तथा पोखरा उद्योग वाणिज्य सङ्घद्वारा सञ्चालित 'लक्ष्मी विद्या पदक-२०८२' बाट व्यवस्थापन सङ्कायअन्तर्गत कास्की जिल्लामा उत्कृष्ट नतिजा हासिल गर्ने तीन विद्यार्थी सम्मानित भएका छन् ।

स्नातकोत्तर तह (एमबिएस) मा जनप्रिय बहुमुखी क्याम्पसकी ज्योति तामाङ, स्नातक तह (बिबिए)तर्फ पोखरा कलेज अफ म्यानेजमेन्टकी समीक्षा तिमिल्सिना तथा बिबिएसतर्फ जनप्रिय बहुमुखी क्याम्पसका सन्तोष थापा सम्मानित हुनुभयो । उहाँहरूलाई माला, दोसल्ला, ताम्रपत्र, विद्यापदक तथा नगद पुरस्कार प्रदान गरिएको थियो । हालसम्म लक्ष्मी विद्या पदकबाट ७६ विद्यार्थी सम्मानित भइसकेका छन् । महाधिवेशनअन्तर्गत आज सङ्घको नयाँ नेतृत्व चयनका लागि मतदानको कार्यतालिका छ । नेतृत्वका लागि उत्तममान बुद्धाचार्य, शोभा गौतम, बलराम आचार्य र अर्जुन पोखरेलले उम्मेदवारी दर्ता गराउनुभएको छ । रासस

# मुक्त हलियाको समस्या स्थायी रूपमा समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध छः मुख्यमन्त्री भट्ट

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले वास्तविक मुक्त हलियाको समस्या स्थायी, दिगो र न्यायोचित रूपमा समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

कैलालीको धनगढीमा शनिबार आयोजित १८औँ मुक्त हलिया दिवसका अवसरमा 'मुक्त हलियाहरूको दिगो र न्यायोचित पुनर्स्थापनाका सन्दर्भमा सरोकारवालाबीच प्रदेशस्तरीय संवाद' कार्यक्रममा मुख्यमन्त्री भट्टले मुक्त हलियाको पुनर्स्थापनालाई राहत वितरणमा मात्र सीमित नगरी दीर्घकालीन समाधानतर्फ अघि बढाउनुपर्ने बताउनुभयो । वास्तविक पीडित मुक्त हलियाका समस्या र मागप्रति प्रदेश सरकार गम्भीर तथा जवाफदेही रहेको उल्लेख गर्दै उहाँले उनीहरूको पीडाप्रति आफ्नो पूर्ण ऐक्यबद्धता रहेको बताउनुभयो ।

मुख्यमन्त्री भट्टले लामो समयदेखि हलिया समस्या समाधान हुन नसक्नुको कारणबारे गम्भीर समीक्षा गरी आगामी दिनमा ठोस योजना र परिणाममुखी कार्यक्रमका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । समस्या समाधान हुन नसक्नुमा राज्य पक्ष वा सम्बन्धित सङ्घसंस्थामध्ये कसको कमजोरी रह्यो भन्ने विषयमा समेत समीक्षा आवश्यक रहेको उहाँको भनाइ थियो । रासस

# युक्रेन युद्ध अन्त्यका लागि पुटिनसँग अमेरिकी दूतहरूको 'ठोस योजना'बारे छलफल

एएफपी । युक्रेन युद्ध अन्त्य गर्ने प्रयासस्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेषदूत स्टिभ विटकफ र जारेड कुशनरले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग 'ठोस योजनाहरू'बारे छलफल गर्नुभएको छ।

मस्कोमा शनिबार भएको तीन घण्टाभन्दा लामो वार्तापछि क्रेमलिनका वरिष्ठ अधिकारी युरी उशाकोभले छलफल 'अत्यन्त स्पष्ट' र रचनात्मक भएको बताउनुभयो । उहाँका अनुसार अमेरिकी पक्षले युद्ध अन्त्य गर्ने सम्भावित उपायबारे विभिन्न प्रस्ताव अघि सारेको थियो । तर, तत्काल कुनै ठोस सहमति वा सफलता घोषणा गरिएको छैन ।



ट्रम्पले यसअघि आफ्ना दूतहरू युक्रेन युद्ध अन्त्य गर्ने प्रस्ताव लिएर मस्को र किएभ जान लागेको बताउनुभएको थियो । उहाँले ' शान्तिका लागि एउटा योजना' रहेको बताए पनि त्यसको विस्तृत विवरण सार्वजनिक गर्नुभएको छैन् ।

पुटिनसँगको भेटपछि विटकफ र कुशनर आइतबार युक्रेनको राजधानी किएभतर्फ प्रस्थान गर्नुभएको छ । उहाँहरूले त्यहाँ राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग युद्ध अन्त्य गर्ने सम्भावित उपायबारे छलफल गर्ने अपेक्षा गरिएको छ ।

यो विटकफ र कुशनरको युद्ध सुरु भएयता पहिलो किएभ भ्रमण हो । उहाँहरूले यसअघि मस्कोमा पटक-पटक रुसी अधिकारीसँग वार्ता गर्दै आउनुभएको छ ।

क्रेमलिनका अनुसार पुटिनले वार्ताका क्रममा रुसको सैन्य अवस्थाबारे आफ्नो धारणा प्रस्तुत गर्दै पूर्वी युक्रेनमा बाँकी भू-भाग कब्जा गर्ने लक्ष्यबाट पछि नहट्ने सङ्केत दिनुभएको छ । यसले वार्तामा रुस र युक्रेनबीचको मुख्य मतभेद अझै कायमै रहेको देखाएको छ ।

अमेरिकी दूतहरूको वार्ताका लागि वातावरण सहज बनाउन रुस र युक्रेनले आफ्ना राजधानीमा तीन दिनसम्म आक्रमण नगर्ने प्रतिबद्धता जनाएका छन् । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभका अनुसार पुटिनले किभमा तीन दिनसम्म आक्रमण नगर्न रुसी सेनालाई आदेश दिनुभएको छ। जेलेन्स्कीले पनि युक्रेनले मस्कोमाथि आक्रमण नगर्ने बताउनुभएको छ ।

तर, सीमित आक्रमणविरामका बीच पनि युक्रेनका विभिन्न क्षेत्रमा रुसी आक्रमण जारी रहेको र त्यसबाट सर्वसाधारणको मृत्यु भएको युक्रेनी पक्षले जनाएको छ ।

रुसले पूर्वी र दक्षिणी युक्रेनको ठूलो भू-भाग कब्जा गरेको छ र आफ्नो सैन्य लक्ष्य पूरा गर्ने अडान दोहोर्‍याउँदै आएको छ । अर्कोतर्फ, युक्रेनले आफ्नो भू-भाग त्याग्ने कुनै पनि सम्झौता स्वीकार नगर्ने अडान राख्दै आएको छ ।

यही कारण अमेरिकी मध्यस्थतामा वार्ता पुनः शुरु गर्ने प्रयास भए पनि तत्काल युद्धविराम वा शान्ति सम्झौता हुने अवस्था अझै स्पष्ट छैन ।

अमेरिकी दूतहरूको किएभ भ्रमणलाई भने वासिङ्टनको शान्ति प्रयासलाई पुनः गति दिने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# नेपाल एसीसी प्रिमियर कपको सेमिफाइनलमा प्रवेश




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसीसी प्रिमियर कपको सेमिफाइनलमा प्रवेश गरेको छ। आइतबार भएको खेलमा साउदी अरेबियालाई हराउँदै नेपाल एक खेल अगावै सेमिफाइनलमा प्रवेश गरेको छ ।

साउदीले दिएको १९१ रनको लक्ष्य नेपालले ४१ ओभरमा ५ विकेटको क्षतिमा भेट्टायो । नेपालका लागि गुल्शन झाले अविजित ४४ तथा रोहित पौडेलले अविजित २४ रन बनाएका थिए ।

त्यसअघि इशान पान्डेले ४० तथा देव खनालले ३९ रन बनाए । आसिफ शेखले २० र अर्जुन कुमालले १५ रन बनाएका थिए ।

साउदीका लागि इस्तियाख अहमद र मुहम्मद आतिफले २-२ तथा मोहम्मद हिशमले १ विकेट लिन सफल भए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको साउदी अरेबियाले ४९.२ ओभरमा अलआउट हुँदै १९० रन बनाएको थियो ।

साउदीका लागि अब्दुल वाहीदले सर्वाधिक ७७ रन बनाएका थिए । मोहम्मद आतिफले ३० रन बनाएका थिए। मोहम्मद हिशम शेखले १८ रन बनाएका थिए । नेपालका लागि कप्तान सन्दीप लामिछानेले १० ओभरमा १९ रन दिएर ३ विकेट लिएका थिए। ललित राजवंशीले १० ओभरमा २६ रन दिएर २ विकेट लिएका थिए। दीपेन्द्रसिंह ऐरीले पनि ३ तथा शेर मल्लले १ विकेट लिएका थिए।

यसअघि नेपालले बहराइन र मलेसियालाई पराजित गरेको थियो ।

नेपालले अब समूह चरणको अन्तिम खेलमा मंगलबार हङकङको सामना गर्नेछ । उक्त खेलपछि समूहविजेताको टुंगो लाग्ने भएको छ ।

# टाइफुन 'साउडेल'पछि चीनमा पहिरो, दुई जनाको मृत्यु र १० बेपत्ता

एएफपी । टाइफुन 'साउडेल'का कारण केही दिनदेखि परेको भारी वर्षापछि पूर्वी चीनको जियाङ्सी प्रान्तमा गएको पहिरोमा परी दुई जनाको मृत्यु भएको छ भने १० जना बेपत्ता भएका छन् । पहिरोका कारण दर्जनौँ घरमा क्षति पुगेको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

शनिबार बिहान जियाङ्सीको सुइचुआन काउन्टीस्थित एक गाउँमा पहिरो गएको थियो । घटनालगत्तै उद्धारकर्मीहरू परिचालन गरिएको थियो भने थप जोखिमबाट जोगाउन स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सारिएको थियो ।



उद्धारका क्रममा एक जनालाई मृत अवस्थामा फेला पारिएको थियो भने दुई जनालाई जीवितै उद्धार गरिएको थियो । आइतबार बिहान उद्धारकर्मीहरूले बेपत्तामध्ये थप एक जनाको शव भत्किएका घरको भग्नावशेषबाट निकालेको सरकारी प्रसारण संस्था सीसीटीभीले जनाएको छ।

टाइफुनका कारण परेको भारी वर्षापछि मध्य-दक्षिण चीनको हुनान प्रान्तमा पनि दुई जनाको मृत्यु भएको सिसिटिभीले जनाएको छ।

मृत्युको कारणबारे विस्तृत जानकारी सार्वजनिक गरिएको छैन । तर, लगातारको वर्षाका कारण पहिरो तथा अन्य प्राकृतिक विपद् निम्तिएको बताइएको छ ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार 'साउडेल' ले अगस्ट २८ मा झेजियाङ प्रान्तमा दुई पटक र बिहीबार फुजियान प्रान्तमा उष्णकटिबन्धीय आँधीका रूपमा तेस्रोपटक जमिनमा प्रवेश गरेको थियो। झेजियाङ र फुजियान दुवै जियाङ्सीसँग जोडिएका प्रान्त हुन् ।

फुजियानमा केही दिनदेखि परेको भारी वर्षापछि धेरै मानिसको अवस्था अज्ञात रहेको स्थानीय अधिकारीहरूले बताएका छन् । यकिन सत्त्या सार्वजनिक नभए पनि पुटियान सहरको हुआटिङ टाउनमा १०० भन्दा बढी घर भत्किएको सिन्ह्वाले जनाएको छ । बिहीबार दिउँसो बाँध फुटेपछि केही गाउँ डुबानमा परेका थिए र बासिन्दाहरू बाढीमा फसेका थिए।

सिन्ह्वाका अनुसार शुक्रबार रातिसम्म फुजियानका जोखिमपूर्ण तटीय तथा भित्री क्षेत्रबाट करिब छ लाख मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो।

सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरमा केही सडकहरू बाढीको पानीले भरिएर नदीजस्तै बनेका देखिन्छन् । उद्धारकर्मीहरूले प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि हावाले भरिने डुङ्गासमेत प्रयोग गरिरहेका छन्।

भारी वर्षा र पहिरोका कारण प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन्।

# विश्वव्यापी चुनौतीबीच दक्षिण कोरियाको निर्यातमा उल्लेखनीय वृद्धि

एएफपी । दक्षिण कोरियाको निर्यातले यस वर्ष तीव्र वृद्धि कायम राख्दै नयाँ कीर्तिमान बनाएको छ । शनिबारसम्म देशको कुल निर्यात ७०९.४ अर्ब अमेरिकी डलर पुगेको छ, जुन गत वर्ष कायम भएको ७०९.३ अर्ब अमेरिकी डलरको वार्षिक निर्यात रेकर्डभन्दा पनि बढी हो ।

दक्षिण कोरियाको व्यापार, उद्योग तथा स्रोत मन्त्रालय र कोरिया भन्सार सेवाले सार्वजनिक गरेको तथ्यांकअनुसार, यस वर्षको वार्षिक निर्यात अझै तीन महिना बाँकी रहँदै गत वर्षको सम्पूर्ण निर्यातलाई उछिनिसकेको हो । निर्यातमा देखिएको निरन्तर वृद्धि र बलियो अन्तर्राष्ट्रिय मागका कारण दक्षिण कोरिया यस वर्ष १ ट्रिलियन अमेरिकी डलरको वार्षिक निर्यात हासिल गर्ने दिशामा अघि बढेको छ ।

कोरिया भन्सार सेवाका प्रमुखले तयार पारेको प्रतिवेदनलाई उद्धृत गर्दै दक्षिण कोरियाका राष्ट्रपतिले शनिबार सामाजिक सञ्जालमार्फत निर्यातको वर्तमान गति कायम रहेमा देशले डिसेम्बरको सुरुआती चरणमै १ ट्रिलियन डलरको निर्यात आँकडा पार गर्न सक्ने बताएका छन् ।

विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, अन्तर्राष्ट्रिय व्यापारमा रहेका चुनौती तथा मध्यपूर्वमा जारी द्वन्द्व र तनाव जस्ता प्रतिकूल बाह्य परिस्थितिका बाबजुद दक्षिण कोरियाको निर्यातमा भने उल्लेखनीय वृद्धि भइरहेको छ ।

यस निर्यात वृद्धिको प्रमुख आधारमध्ये सेमिकन्डक्टर अर्थात् अर्धचालक (चिप) उद्योग रहेको छ। विश्व बजारमा दक्षिण कोरियाली चिप तथा इलेक्ट्रोनिक उत्पादनको माग बलियो रहँदा देशको समग्र निर्यातलाई त्यसले महत्वपूर्ण रूपमा टेवा दिएको छ ।

दक्षिण कोरियाले यस वर्ष १ ट्रिलियन अमेरिकी डलरको वार्षिक निर्यात हासिल गर्न सकेमा यो देशको व्यापारिक इतिहासमा महत्वपूर्ण उपलब्धि हुनेछ । गत वर्ष नै ७०९.३ अर्ब डलरको रेकर्ड कायम गरेको दक्षिण कोरियाले यस वर्ष त्यसलाई उल्लेखनीय रूपमा उछिन्दै नयाँ उचाइ हासिल गर्ने संकेत देखाएको छ ।



निर्यातको वर्तमान गति आगामी महिनाहरूमा समेत कायम रहेमा दक्षिण कोरियाको अर्थतन्त्रलाई थप बलियो बनाउन तथा विश्व व्यापारमा उसको स्थान अझ सुदृढ गर्न यस उपलब्धिले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# इन्टर मियामीलाई एटलान्टाले रोक्यो

**टुडे समाचारदाता**

एजेन्सी । अमेरिकी मेजर लिग सकर (एमएलएस) मा लियोनल मेस्सीको इन्टर मियामी र एटलान्टा युनाइटेडबीचको खेल २-२ गोलको बराबरीमा सम्पन्न भएको छ । घरेलु मैदान नु स्टेडियममा दुईपटक अग्रता लिए पनि मियामीले जित निकाल्न सकेनन् ।





मियामीले ३२औँ मिनेटमा ब्राजिलियन मिडफिल्डर कासेमिरोको गोलबाट अग्रता लियो। तर एटलान्टाले ३ मिनेटमै गोल फर्काएको थियो । मिगुएल अल्मिरोनले ३५औँ मिनेटमा गोल गर्दै खेल १-१ मा पुर्‍याएका थिए ।

पहिलो हाफको इन्जुरी समयमा लुइस सुआरेजले गोल गरेपछि इन्टर मियामी फेरि २-१ ले अघि बढ्यो। मेस्सी सुरुआती टोलीमै रहे पनि उनले गोल गर्न सकेनन् । अघिल्लो खेलमा मोन्ट्रियललाई ७-१ ले पराजित गर्दा मेसीले ४ गोल गरेका थिए ।

एटलान्टाले खेल सकिन केही मिनेट बाँकी रहँदा बराबरी गोल फर्कायो। ब्रिल एम्बोलोले ८७औँ मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै खेल २-२ को बराबरीमा पुर्‍याए । त्यसपछि थप गोल हुन नसक्दा दुवै टोलीले एक-एक अंक बाँडेका थिए ।

उक्त बराबरीसँगै इन्टर मियामीले २२ खेलबाट ४२ अंक जोडेको छ र इस्टर्न कन्फ्रेन्समा दोस्रो स्थानमा छ। एटलान्टा युनाइटेडको २२ खेलबाट २१ अंक छ र टोली १४औँ स्थानमा रहेको छ।




# पाकिस्तानमा आतंकवादीविरुद्ध सुरक्षा बलको कारबाही तीव्र, २१ मारिए

एएफपी । पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा सुरक्षा बलले सञ्चालन गरेको विभिन्न सैन्य कारबाहीमा २१ जना आतंकवादी मारिएको पाकिस्तानी सेनाले जनाएको छ।

पाकिस्तानी सेनाको जनसम्पर्क तथा सञ्चार शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले आइतबार जारी गरेको जानकारीअनुसार सेप्टेम्बर ३ देखि ५ सम्म खैबर पख्तुनख्वा प्रान्तका विभिन्न जिल्लामा सुरक्षा कारबाही सञ्चालन गरिएको थियो।



सेनाका अनुसार सुरक्षा बल र आतंकवादीबीच भएका छुट्टाछुट्टै भिडन्त तथा कारबाहीका क्रममा कुल २१ जना आतंकवादी मारिएका हुन्। यी कारबाहीहरू मुख्य रूपमा उत्तर वजिरिस्तान, कोहाट र डेरा इस्माइल खान जिल्लामा सञ्चालन गरिएको जनाइएको छ।

### उत्तर वजिरिस्तानमा कारबाही

उत्तर वजिरिस्तान पाकिस्तानको अफगानिस्तानसँग जोडिएको सीमावर्ती क्षेत्र हो। विगतमा पनि यस क्षेत्रमा आतंकवादी समूहहरूको गतिविधि तथा सुरक्षा बलमाथि आक्रमण हुने गरेका छन्। पछिल्लो कारबाही पनि सोही क्षेत्रमा केन्द्रित गरिएको सेनाले जनाएको छ। सुरक्षा बलले आतंकवादीहरूको सम्भावित उपस्थितिबारे प्राप्त सूचनाका आधारमा विभिन्न स्थानमा कारबाही गरेको बताइएको छ। सेनाले कारबाहीका क्रममा मारिएका व्यक्तिहरूलाई आतंकवादीका रूपमा पहिचान गरेको दाबी गरेको छ।

### कोहाट र डेरा इस्माइल खानमा पनि भिडन्त

आईएसपीआरका अनुसार कोहाट र डेरा इस्माइल खान जिल्लामा पनि छुट्टाछुट्टै सुरक्षा कारबाही सञ्चालन गरिएको थियो। यी क्षेत्रमा समेत सुरक्षा बल र सशस्त्र समूहबीच भिडन्त भएको र त्यस क्रममा आतंकवादीहरू मारिएको सेनाले जनाएको छ ।

पाकिस्तानी सुरक्षा निकायहरूले खैबर पख्तुनख्वाका विभिन्न क्षेत्रमा आतंकवादी गतिविधि नियन्त्रण गर्न नियमित रूपमा खोज तथा कारबाही अभियान सञ्चालन गर्दै आएका छन्।

### 'स्यानिटाइजेसन' अभियान जारी

सेनाले कारबाही सकिएपछि पनि सम्बन्धित क्षेत्रमा 'स्यानिटाइजेसन अपरेसन' अर्थात् बाँकी रहेका सम्भावित सुरक्षा खतरा तथा आतंकवादी गतिविधि हटाउने अभियान जारी रहेको जनाएको छ।

यस प्रकारको अभियानमा सुरक्षा बलले कारबाही भएको क्षेत्रको थप खोजी गर्ने, सम्भावित लुकेका आतंकवादी वा विस्फोटक पदार्थको खोजी गर्ने तथा क्षेत्रलाई सुरक्षित बनाउने प्रयास गर्ने गर्छ।

सेनाका अनुसार पछिल्लो अभियानको उद्देश्य क्षेत्रमा बाँकी रहेका सम्भावित खतरालाई पूर्ण रूपमा हटाउनु र सुरक्षा अवस्था थप मजबुत बनाउनु हो।

### खैबर पख्तुनख्वामा बढ्दो सुरक्षा चुनौती

अफगानिस्तानसँग सीमा जोडिएको खैबर पख्तुनख्वा पाकिस्तानका लागि लामो समयदेखि सुरक्षा चुनौतीको प्रमुख क्षेत्र रहँदै आएको छ। विशेषगरी सीमावर्ती जिल्लाहरूमा सशस्त्र समूहहरूको गतिविधिका कारण पाकिस्तानी सुरक्षा बलले निरन्तर सैन्य तथा सुरक्षा अभियान सञ्चालन गर्दै आएको छ।

पछिल्लो कारबाहीमा २१ आतंकवादी मारिएको सेनाको दाबी भए पनि मारिएका व्यक्तिहरूको परिचय, उनीहरू कुन संगठनसँग सम्बन्धित थिए र कारबाहीका क्रममा सुरक्षा बलतर्फ कति क्षति भयो भन्ने विस्तृत विवरण भने आईएसपीआरले सार्वजनिक गरेको छैन।

पाकिस्तानी सेनाले भने आतंकवादी गतिविधिविरुद्ध आफ्नो अभियान निरन्तर जारी रहने संकेत गरेको छ ।

# बाढीपीडितलाइ आर्थिक सहयोग जुटाउने क्रम जारी

पर्सा । यहाँका पालिका, विभिन्न सामाजिक सङ्घसंस्था र उद्योगपति तथा समाजसेवीले भोटेकोशी बाढीपीडितलाई आर्थिक सहयोग गर्नेक्रमलाई जारी राखेका छन् ।

वीरगञ्जका सुनचाँदी व्यवसायी तथा समाजसेवी नीरज सर्राफ 'मुन्ना सर्राफ'ले भोटेकोशी-त्रिशूली बाढीपीडितका लागि रु दुई लाख ५१ हजार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गर्नुभएको छ ।

साउथ जोन माध्यमिक विद्यालय, वीरगन्ज-१३, राधेमाई, पर्साले बाढीपीडितका लागि रु एक लाख ५५ हजार ५५३ सहयोग गरेको छ । भारतको लभली प्रोफेसनल युनिभर्सिटी (एलपियू) ले पनि आफ्ना नेपाली विद्यार्थी र उनीहरूका परिवारप्रति ऐक्यबद्धता व्यक्त गर्दै राहत सङ्कलन र आर्थिक सहयोग अभियान सुरु गरेको छ ।



नेपाल पुलिस स्कुल शान्तिपुरमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो खाजा खर्च कटाएर सङ्कलन गरेको रकम भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरेका छन् । विद्यालयमा गठित विभिन्न क्लबमा आबद्ध विद्यार्थीले कुल रु ९५ हजार ७८३ सहयोग गरेका छन् । रासस

# लेदुवा खोलाको पुल सात वर्षदेखि अधुरै

सुनसरी । धरान उपमहानगरपालिका-५ स्थित देवीगाउँको लेदुवा खोलामा निर्माणाधीन पुल सात वर्षदेखि अधुरै छ । पुल निर्माण सम्पन्न नहुँदा धरान-४ र ५ का स्थानीयवासी र विद्यार्थीले बर्खायाममा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता छ ।

धरान-५ का दीपक मगर भन्नुहुन्छ, "पानी पर्छ, बाढी आउँछ । स्कुल हिँडेका बिद्यार्थी बर्खामा खोला बढेपछि पानी घट्ने प्रतीक्षामा घण्टौँ खोलाको किनारमा बस्नुपर्ने अवस्था छ । बाढी नघट्दा कहिलेकाहीँ विद्यार्थी विद्यालय नै नगई घर फर्किनुपर्ने अवस्था छ ।"

पुल निर्माणका लागि २०७७ साउन ४ गते कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र वर्ल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीबीच रु एक करोड २१ लाख ८६ हजारमा सम्झौता भएको थियो । सम्झौताअनुसार २०७८ साउनभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो ।

धरान-५ का वडाध्यक्ष मनप्रसाद लिम्बूका अनुसार निर्माणका क्रममा पुलको दुवैतर्फ पिलर उठाइए पनि त्यसपछि काम अघि बढ्न सकेको छैन । करिब ३० प्रतिशत काम भएको र अहिले निर्माण गरिएका पिलरसमेत झाडीले ढाकिएको उहाँले बताउनुभयो । "दुवैतर्फ पिलर उठाइएको थियो, त्यसपछि काम अघि बढेन । अहिले पिलरसमेत झाडीले ढाकिसकेको छ", उहाँले भन्नुभयो ।

पुल नहुँदा धरान-४ र ५ का बासिन्दालाई धरान बजारसम्म आवतजावत गर्न समस्या हुने गरेको छ । विशेषगरी बर्खामा खोलामा बाढी आउँदा स्थानीयवासीले जोखिम मोलेर खोला पार गर्नुपर्ने र बिरामीलाई अस्पताल लैजानसमेत कठिन हुने गरेको वडाध्यक्ष लिम्बूले बताउनुभयो । अस्थायी रूपमा बाँसको पुल बनाए पनि बर्खाको बाढीले बगाउने भएकाले स्थायी पुल आवश्यक रहेको उहाँको भनाइ छ ।



पुल नहुँदा स्थानीय किसानले उत्पादन गरेका सागसब्जी, दूधलगायत कृषि उपज धरान बजारसम्म पुर्याउनसमेत समस्या हुने गरेको छ । धरान-४ र ५ का किसानले उत्पादन गरेका कृषि उपज धरान बजारमा बिक्रीका लागि लैजाने गरेका छन् । पुलको अभावमा विद्यार्थीको पढाइसमेत प्रभावित हुँदै आएको छ ।

धरान-५ मा कक्षा ५ सम्ममात्र पढाइ हुने विद्यालय रहेकाले कक्षा ६ भन्दा माथि अध्ययन गर्ने विद्यार्थी धरान बजारतर्फ जानुपर्ने हुन्छ । मनटार, सुमनटार, मुक्तिलाल, निशानडाँडा र तल्लो निशानडाँडाका विद्यार्थी यही मार्ग हुँदै विद्यालय जाने गरेका छन् । बर्खाको समयमा परीक्षा परेका बेला खोलामा बाढी आएर तर्न नसक्दा विद्यार्थी परीक्षा दिनबाट समेत वञ्चित हुने गरेका छन् ।

पुल निर्माणका लागि पटकपटक म्याद थपिए पनि निर्माण कम्पनीले काम अघि बढाएको छैन । वडाध्यक्ष लिम्बूका अनुसार २०८१ चैत १२ गते ठेकेदार पक्षसँग जेठ मसान्तसम्म काम सम्पन्न गर्ने सहमति भएको थियो । पछि पुनः सम्पर्क गर्दा २०८२ फागुनसम्म निर्माण सम्पन्न गर्ने जानकारी गराइएको भए पनि हालसम्म काम सुरु भएको छैन ।

पुल निर्माणको विषयमा २०८१ चैतमा कोशी प्रदेशका तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले स्थलगत अनुगमन गर्नुभएको थियो । सो क्रममा काम नगर्ने ठेकेदार कम्पनीको ठेक्का रद्द गरी धरौटी जफत गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिइएको थियो । तर, ठेकेदार कम्पनीले अदालतबाट अन्तरिम आदेश लिएपछि प्रक्रिया अघि बढ्न नसकेको बताइएको छ ।

पुल निर्माण सम्पन्न भए धरान-४ र ५ का बासिन्दाको दैनिक आवतजावत, कृषि उपज ढुवानी, विद्यार्थीको विद्यालय आवतजावत तथा स्वास्थ्य सेवामा पहुँच सहज हुने स्थानीयको अपेक्षा छ । साथै, यस मार्गबाट धनकुटाको राजारानी तथा मोरङको याङ्शीला र केराबारी हुँदै धनकुटा र मोरङसम्म आवतजावत गर्नसमेत सहज हुने वडाध्यक्ष लिम्बूले बताउनुभयो । रासस

# देवीघाटमा प्रदेश सरकारको सहयोगबाट तुइन जडान

काठमाण्डु । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालय, नुवाकोटको सक्रियतामा विदुर नगरपालिका-५ देवीघाटमा तुइन जडान गरी सञ्चालनमा ल्याइएको बताउनुभएको छ । सो क्षेत्रमा यही भदौ १० गतेको रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीले त्रिशूली वारिपारि गर्न समस्या हुँदै आएको छ ।

जनताको दैनिक जीवनमा सहजता ल्याउने साना देखिने तर महत्वपूर्ण पूर्वाधार निर्माणलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको जनाउँदै उहाँले जनताको आवश्यकता जहाँ छ, प्रदेश सरकारको उपस्थिति त्यहीँ हुनुपर्छ भन्ने प्रतिबद्धतासहित सरकार अघि बढिरहेको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री थापा मगरका अनुसार तुइन सञ्चालनमा आएसँगै त्रिशूली नदी वारिपारि आवतजावत गर्न तथा स्थानीयस्तरमा खाद्यान्न, औषधिलगायत अत्यावश्यक सामग्रीको ढुवानीमा सहजता हुनेछ । उहाँले जनताको आवश्यकता र सहजताका लागि प्रदेश सरकार निरन्तर काम गरिरहेको जनाउँदै आवश्यकताअनुसार यस्ता पूर्वाधार निर्माण तथा सञ्चालनलाई प्राथमिकतामा राखिने स्पष्ट पार्नुभयो । रासस

# थेराङ खोला सहित बूढीगण्डकी नदीमा आएको बाढीले नाम्रुङमा पुल र जलविद्युत्मा क्षति : चुमनुब्रीवासी र पर्यटक समस्यामा

गोरखा । उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित बूढीगण्डकी र थेराङ खोलाको बाढीले दुई पुल र दुई जलविद्युत् आयोजना बगाएको छ । यसबाट चुमनुब्रीवासी समस्यामा परेका छन् । पहिरोसहित आएको बाढीले मनास्लु पदमार्गका दुई पुल र दुई जलविद्युत् आयोजना बगाएको स्थानीय लाक्पा डुण्डुप लामाले जानकारी दिनुभयो ।



थेराङ खोलाको बाढीले नाम्रुङबाट मनास्लु क्षेत्रतर्फ जाने पुल बगाएको छ भने सो बाढीले बूढीगण्डकीको बहाव बढ्न गई नाम्रुङभन्दा तल जङ्गलस्थित पुल पनि बगाएको जनाइएको छ । "बाढी पहिरोले हामीलाई जोखिममा पार्‍यो", उहाँले भन्नुभयो, "गाउँबाट तल जाने पुल पनि लग्यो, माथि जाने पुल पनि लग्यो । कतै जान पनि नमिल्ने भयो ।"

साथै स्थानीयले उपभोग गर्दै आएका दुईवटा लघुजलविद्युत् आयोजनामा क्षति पुर्‍याएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "एउटा भर्खर सात करोड रुपैयाँ खर्चेर निर्माण सम्पन्न भएर परीक्षण प्रसारण भएको १०० किलोवाटको जलविद्युत् थियो त्यो पनि लग्यो । अर्को पहिल्यैदेखि बालिरहेको २२ किलोवाटको जलविद्युत् थियो त्यो पनि नामेट पारेर लग्यो । आवातजावत र विद्युत ठप्प हुँदा जनजीवन समस्यामा परेको छ । "

विद्युत नहुँदा बत्ती, सञ्चार सेवा तथा विद्युत्बाट चल्ने सबै सेवा ठप्प भएको छ । पुल बगाएपछि भर्खर सुरु हुँदै गरेको मनास्लुको पर्यटक आवागमन प्रभावित भएको छ । लार्केपासका लागि गएका सयौँ पर्यटक बूढीगण्डकीको पुल नहुँदा समस्यामा परेका छन् । पहिरोसँगै आएको बाढीले राति स्थानीय चारजनाको घर बगाएको प्रहरीले जनाएको छ । बाढीले स्थानीय नुर्वु ओङ्याल, ओर्गेन छ्योदेन, लाक्पा भुटी र मिङ्मार लामाको घर बगाएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ ।

"भूकम्प आएजस्तो गरी गाउँ थर्काएछ । सबै बिउँझिएछन् । अनि बाढी आएको थाहा पाएपछि भागेर ज्यान जोगाएका रहेछन्," वडाअध्यक्ष पेमाग्याल्बो लामाले भन्नुभयो, "नत्र सबैलाई बढारेर लैजान्थ्यो ।"

बाढीपीडित चार घरलाई तत्काल अल्पकालीन राहत दिने लामाले बताउनुभयो । "घरको केही पनि जोगिएन त्यसैले तत्काल आज नै खाद्यान्न र लुगा कपडाका लागि रु २० हजारका दरले राहत दिन्छौँ", उहाँले भन्नुभयो, "केही दिनमा गाउँपालिकाका तर्फबाट रु एक लाख बराबरको राहत दिनेछौँ ।" अन्यत्रबाट आउने राहतका लागि पनि पहल गर्ने उहाँले बताउनुभयो । रासस

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमः एक दशकमा १८ लाख परिवार लाभान्वित

काठमाण्डु । सरकारले सञ्चालन गरेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमबाट १० वर्षको अवधिमा १८ लाख १६ हजार ८०७ परिवार लाभान्वित भएका छन् ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले खाद्य तथा पोषण सुरक्षा, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उत्पादन वृद्धि गर्न देशभर सञ्चालन गरेको कार्यक्रमबाट सो परिमाणमा लाभान्वित भएका हुन् । सरकारको लगानीमा सञ्चालित कृषि उत्पादन वृद्धि र आधुनिकीकरण गर्ने बृहत् राष्ट्रिय कार्यक्रमअन्तर्गत रु ३९ अर्ब ५८ करोड खर्च गरिएकामा आंशिक र पूर्ण गरी २३ लाख ८३ हजार १८४ जनाले रोजगारी प्राप्त गरेको परियोजनाका सूचना अधिकारी डा जितबहादुर चन्दले जानकारी दिनुभयो ।

दश वर्षका लागि तयार पारिएको परियोजनाका लागि रु एक खर्ब ३० अर्बको परियोजना तयारी गरिएकामा रु ५६ अर्ब ३५ करोड विनियोजन गरिएको अर्थात् प्रक्षेपित रकमको ४४ प्रतिशतमात्र रकम प्राप्त भएको छ । आर्थिक वर्ष २०७३/७४ मा सुरू भएको परियोजना २०८२/८३ मा सम्पन्न गरिएको थियो । किसानको उत्पादनको सहज बिक्री वितरणका लागि अग्रिम रूपमा कृषि उपज खरिद गर्ने नीति लिइएको उक्त कार्यक्रममा पहिलोपटक प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका रूपमा कार्यक्रम आएको थियो, जसलाई पछि परिवर्तन गरेर राष्ट्रिय एकीकृत कार्यक्रम बनाइएको हो ।रासस

# रुकुम पश्चिममा चार लाखले लिए स्वास्थ्य सेवा

त्रिवेणी । रुकुम-पश्चिममा गत आर्थिक वर्ष २०८२/८३ मा चार लाख ३०४ जनाले स्वास्थ्य सेवा लिएका छन् । स्वास्थ्य सेवा कार्यालय रुकुमसहित पालिकामा रहेका पालिका अस्पतालबाट उक्त संख्यामा सेवाग्राहीले सेवा लिएका हुन् ।

स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमले सार्वजनिक गरेको तीन वर्षको तथ्याङ्कअनुसार जिल्लामा स्वास्थ्य सेवा लिनेको संख्या पछिल्लो वर्ष केही घटेको देखाएको छ । आर्थिक वर्ष २०८०/८१ मा चार लाख ३९ हजार २५८ जनाले स्वास्थ्य सेवा लिएकामा आर्थिक वर्ष २०८१/८२ मा चार लाख ४३ हजार ५९८ जनाले स्वास्थ्य सेवा लिएका थिए । आर्थिक वर्ष २०८२/८३ मा चार लाख ३०४ जनाले स्वास्थ्य सेवा लिएका स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत हरिबहादुर पुनले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्षमा चौरजहारी नगरपालिकामा सबैभन्दा बढी एक लाख २१ हजार ४९४ जनाले स्वास्थ्य सेवा लिएका छन् भने मुसिकोट नगरपालिकामा एक लाख चार हजार ५९० जनाले सेवा लिएका छन् । त्यस्तै आठबिसकोट नगरपालिकामा ७२ हजार ३७०, सानीभेरी गाउँपालिकामा ३५ हजार ५६२, बाँफिकोट गाउँपालिकामा ३३ हजार २०३ र त्रिवेणी गाउँपालिकामा सवैभन्दा कम ३३ हजार ८५ जनाले स्वास्थ्य सेवा लिएका जनस्वास्थ्य अधिकृत पुनले जानकारी दिनुभयो । आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिएका थिए । तीन आर्थिक वर्षकै अवधिमा स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहबाट संचालनमा रहेका अस्पतालबाट १२ लाख ८३ हजार १६० जनाले सेवा लिएका छन् ।




स्वास्थ्य सेवा कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा स्वास्थ्य सेवा उपयोगको अवस्था स्थानीय तहअनुसार फरक फरक रहेको छ । सबै स्थानीय तहमा प्रविधि र विशेषज्ञको अभावमा सेवा सेवा प्रवाह नहुँदा समस्या हुने गरेको स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमले जनाएको छ । रासस

# तादीखोलामा एक्रोब्रिज जडान तीव्र

त्रिशूली । नुवाकोटको विदुर नगरपालिका-५ देवीघाट र बेलकोटगढी नगरपालिका-८ जिलिङ जोड्ने गरेर देवीघाटस्थित तादी खोलामा नेपाली सेनामार्फत एक्रोब्रिज जडानलाई तीव्र पारिएको छ ।

भोटेकोशी नदीको बाढीको बहाव तादीमा पसेर उक्त स्थानका दुई पक्की पुलमा क्षति गराएसँगै नुवाकोटको बेलकोटगढी हुँदै धादिङसँग टुटेको यातायात सम्पर्क जोड्न पुल निर्माण थालिएको हो ।

नेपाली सेनाको श्री १४ नं वाहिनी अड्डाअन्तर्गत रहेको 'ब्रिजिङ युनिट' मार्फत निर्माण भइरहेको पुल पाँच दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य रहेको पुल निर्माणको नेतृत्व गरिरहनुभएका सेनानी चिरिञ्जीवी चौलागाईंले जानकारी दिनुभयो ।



उहाँको अनुसार भोटेकोशी हुँदै आएको बाढीले पुर्‍याएको क्षतिपश्चात् त्रिशूली नदी वारपार गर्न नुवाकोट र रसुवाका सबै पुल बगाएसँगै प्राविधिक अध्ययनपश्चात् पहिलो पुल देवीघाटमा जोड्न थालिएको हो ।

नुवाकोटको पाँच स्थानमा पुल राख्न अध्ययन भएकामा देवीघाट जडानलगत्तै वेत्रावतीमा एक्रोब्रिज पुल जडान गरेर नुवाकोट र रसुवासँगको यातायात सम्पर्क सञ्चालन गरिने योजना रहेको छ ।

"पुल निर्माणका लागि पुरानै जिप प्रयोग गर्न सक्ने अवस्था र धादिङको गल्छी हुँदै नुवाकोटको देवीघाटबाट सदरमुकाम विदुरसँग आउजाउ सञ्चालन गराउन पहिलो प्राथमिकतामा देवीघाटमा पुल निर्माण थालिएको छ," उहाँले भन्नुभयो, "शनिबारदेखि निर्माण सुरु भएको पुल पाँच दिनभित्र सम्पन्न गर्ने लक्ष्यसहित ५५ जनाको टोली चौबिसै घण्टा कार्यक्षेत्रमा खटिएको छ ।"

नेपाली सेनासँग धादिङको गजुरीस्थित भैरव गणमा तीन थान मौजुदा राखिएको पुल नुवाकोट र रसुवाको बाढी प्रभावित क्षेत्रमा आउजाउ सञ्चालन गराउन प्रयोग गरिने सेनाले जनाएको छ । सेनासँग ७५ मिटर दूरीका तीन थान पुल मौजुदा राखिएको थियो । देवीघाटमा निर्माण थालिएको पुल ५७.५ मिटर लम्बाइ र ५.५ मि चौडाइको छ । बेलीब्रिजभन्दा एक्रोब्रिज गुणस्तरीय र धेरै भारवहन क्षमताको रहने सेनानी चौलागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले निर्माण थालिएको पुलले ७० टन भारवहन क्षमता बहन गर्न सक्नेछ ।

"बेलीब्रिजको प्रविधिलाई परिमार्जन गरेर बनाइएको आधुनिक अमेरिकी रूप भएकाले एक्रोब्रिज थप तीन गुणा बढी बलियो र टिकाउ हुनेछ," उहाँले भन्नुभयो, "उच्च गुणस्तरको ग्याल्भानाइज्ड अमेरिकी स्टिल र बलिया स्टिलका डेक प्रयोग गरिएको हुँदा ठूला भारवहन क्षमतासहित चौडा फराकिलो बनाउन सकिने छ ।

पुल निर्माणका लागि आवश्यक सामग्री गजुरीबाट काठमाडौँ हुँदै नुवाकोट ल्याउनुपर्ने बाध्यता भएकाले ढुवानीमा समस्या देखिएको छ । कार्यस्थलमा निर्माण सामग्री आउन र नियमित काम गर्न कुनै अवरोध नभए पाँच दिनभित्र काम सम्पन्न गर्ने लक्ष्य छ । त्यसका लागि नेपाली सेनाको श्री १४ नं वाहिनी अड्डाअन्तर्गत रहेको ब्रिजिङ युनिटबाट सेनानीको नेतृत्वमा ५५ जना प्राविधिक खटिएका छन् । रासस

# सामाजिक सञ्जालमा सिकेको ज्ञानबाट ड्रागन फ्रुटखेती

कपिलवस्तु । सामाजिक सञ्जालमा कृषि प्रविधिसम्बन्धी सामग्री हेरेर सिकेको ज्ञानलाई व्यवहारमा उतार्दै शिवराज नगरपालिका-५ नौडिहवाका किसान रामप्रसाद बेलवासेले व्यावसायिक ड्रागन फ्रुट खेती सुरु गर्नुभएको छ ।

करिब डेढ वर्षअघि चार कट्ठा जमिनमा सुरु गरिएको खेतीबाट उहाँले हालसम्म तीन पटक फल उत्पादन गरिसक्नुभएको छ । रुपन्देहीको रानीबगियाबाट ६२८ बिरुवा खरिद गरी १५७ पोलमा चार-चार वटा बिरुवा रोपेर खेती सुरु गरिएको बेलवासेले बताउनुभयो ।



उहाँले प्रतिबिरुवा रु १६० का दरले खरिद गर्नुभएको हो । बिरुवा अझै पूर्ण रूपमा परिपक्व नभएकाले उत्पादन बढ्न केही समय लाग्ने उहाँको भनाइ छ । "अहिलेसम्म तीन पटक फल टिपेका छौँ । चौथो पटक फल टिप्ने तयारीमा छौँ । आगामी वर्षदेखि उत्पादन उल्लेखनीय रूपमा बढ्ने अपेक्षा गरेको छु," उहाँले भन्नुभयो ।

ड्रागन फ्रुटको बजार राम्रो भएकाले बिक्रीका लागि समस्या नरहेको बेलवासेले बताउनुभयो । उहाँका अनुसार अहिले प्रतिकिलोग्राम रु ४०० सम्ममा बिक्री भइरहेको छ । फल उत्पादन भएपछि ग्राहकहरू घरमै आएर खरिद गर्ने गरेको उहाँले बताउनुभयो । युट्युबबाट खेतीसम्बन्धी जानकारी लिएर नयाँ बालीतर्फ आकर्षित भएको बताउँदै बेलवासेले सिँचाइको अभावलाई खेतीको मुख्य चुनौतीका रूपमा लिनुभएको छ । रोग तथा कीरा व्यवस्थापनका लागि थप प्राविधिक ज्ञान आवश्यक रहेको उहाँको भनाइ छ ।

चितवनको हावापानी ड्रागन फ्रुट खेतीका लागि बढी अनुकूल मानिए पनि कपिलवस्तुमा उचित व्यवस्थापन गर्न सके राम्रो उत्पादन लिन सकिने उहाँले बताउनुभयो । जिल्लामा अत्यधिक गर्मी हुने भएकाले भने खेती व्यवस्थापनमा केही कठिनाइ हुने गरेको उहाँको अनुभव छ ।

कृषि ज्ञान केन्द्र कपिलवस्तुका प्रमुख घनश्याम चौधरीले जिल्लामा ड्रागन फ्रुट खेतीको क्षेत्रफलसम्बन्धी यकिन अभिलेख नरहे पनि साना तथा छरिएर खेती सुरु हुन थालेको बताउनुभयो । व्यावसायिक सम्भावना, राम्रो बजार र आकर्षक मूल्यका कारण किसानमा ड्रागन फ्रुट खेतीप्रति आकर्षण बढ्दै गएको उहाँले बताउनुभयो ।रासस

# उत्सव जनकपुर बोल्ट्सबाट भए अलग




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) को फ्रेन्चाइज जनकपुर बोल्ट्सका मालिक भनिएका उत्सव सिग्देलले आफू सबै भूमिकाबाट अलग भएको सार्वजनिक घोषणा गरेका छन् ।

उनी करिब दुई महिनाअगाडि नै जनकपुर बोल्ट्सबाट बाहिरिएका उत्सवले आइतवार औपचारिक घोषणा गरेका हुन् । नेपाल क्रिकेट संघ (क्यान) का कोषाध्यक्ष तथा एनपीएलको गभर्निङ काउन्सीलका सदस्य पदम खड्काले जनकपुर बोल्ट्सले दुई महिना अगाडि नै जानकारी गराइसकेको बताए ।

उनले भने, 'यो विषय क्यान र गभर्निङ काउन्सिलको जानकारीमा छ । त्यहाँ नयाँ सेयर होल्डर आउनु भएको होइन । उत्सवजीले छोडेको सेयर पहिलेकै ओनरहरुबीच बाँडफाँड गरिएको हो ।'

नेपाली क्रिकेटको चर्चित फ्रेञ्चाइज लिग क्रिकेट एनपीएल सिजन-३ सुरु हुन ५० दिन बाँकी रहेको बेला सिग्देलले सामाजिक सञ्जालमार्फत आफू टोलीबाट अलगिएको जनाएका हुन् । जनकपुर बोल्ट्स एनपीएल सिजन-१ को विजेता टोली हो ।

सामाजिक सञ्जाल फेसबुकमा सिग्देलले अब तत्काल लागु हुने गरी फ्रेन्चाइज तथा कम्पनीसँगको आफ्नो सबै क्लब परिचालनसँगको संलग्नता अन्त्य भएको बताएका छन् । उनले आगामी दिनमा जनकपुर बोल्ट्स वा ड्रीम स्पोर्ट्स प्राइभेट लिमिटेडको व्यवस्थापन, प्रशासन, सञ्चालन, वित्तीय कारोबार, सम्झौता तथा करारसम्बन्धी निर्णय, खेलाडी र कर्मचारी व्यवस्थापनलगायत कुनै पनि विषयमा आफ्नो संलग्नता नरहने स्पष्ट पारेका छन् ।

उनले अबदेखि जनकपुर बोल्ट्स तथा ड्रीम स्पोर्ट्ससँग सम्बन्धित कुनै पनि प्रतिनिधित्व, प्रतिबद्धता, कारोबार वा आधिकारिक सञ्चारमा आफ्नो नाम प्रयोग नगर्न सम्बन्धित सबै पक्षलाई आग्रह गरेका छन् । उनले लेखेका छन् "यस मितिपछि जनकपुर बोल्ट्स वा ड्रीम स्पोर्ट्स प्राइभेट लिमिटेडको तर्फबाट गरिने कुनै पनि कार्य, निर्णय, प्रतिबद्धता वा दायित्वप्रति आफ्नो जिम्मेवारी रहने छैन ।"

जनकपुर बोल्ट्स निकट स्रोतका अनुसार उत्सवको आफ्नै नाममा सेयर थिएन । उनी अमेरिकी नागरिक भइसकेको हुँदा 'सेयर होल्डर' बन्न नसकेका हुन् । उनले खरिद गरेको सेयर आफ्नो बुवाको नाममा राखेका थिए । फ्रेन्चाइजको व्यवस्थापन भने उनले सम्हाल्दै आएका थिए ।

सो फ्रेन्चाइजमा उत्सवसहित तीनजना सेयर होल्डर थिए । अहिले बाँकी दुईजनाले उत्सवको बुवाको नाममा रहेको सेयर (करिब ३५ प्रतिशत आसपास) खरिद गरेका छन् । उनीहरुमध्ये एकजना अमेरिकी नागरिक नै भएको बताइएको छ । निजले पनि बुवारआमाकै नाममा सेयर राखेका छन् । अर्को भने नेपाली नागरिक हुन् ।

एनपीएल फ्रेन्चाइजीको स्वामित्व परिवर्तन गर्नुपर्दा अवस्थामा क्यानसँग पूर्वस्वीकृति लिनुपर्ने हुन्छ । क्यानले पनि आइसीसीलाई जानकारी गराउनुपर्छ । तर साविककै मालिकबीच सेयर खरिदबिक्री हुँदा त्यस्तो जटिलता छैन । क्यानलाई जानकारी गराए पुग्छ ।

एनपीएल फ्रेन्चाइजमा सेयर खरिदबिक्री भएको सम्भवत पहिलोपटक हो । एनपीएलको तेस्रो संस्करण आगामी कात्तिक ९ गतेबाट सुरु हुँदैछ ।

# जलेश्वर नाकाबाट ८ अर्बभन्दा बढीको कृषिजन्य वस्तु आयात

**जलेश्वर भन्सार नाकाबाट एक वर्षमा कृषिजन्य वस्तुको आयातमा मात्रै अर्बौं रुपैयाँ बाहिरिनुले नेपालको कृषि उत्पादन र बजार व्यवस्थापनको अवस्थामाथि प्रश्न उठाएको छ । देशभरको आयातसँग तुलना गर्दा कृषि तथा खाद्य वस्तुमा बाहिरिने रकम अझ ठूलो ७ खर्ब रुपैयाँभन्दा बढी रहेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको जलेश्वर भन्सार नाका हुँदै आर्थिक वर्ष २०८२/८३ मा भारतबाट ८ अर्ब ४५ करोड रुपैयाँभन्दा बढी मूल्यका कृषिजन्य तथा खाद्य वस्तु नेपाल भित्रिएका छन् । स्वदेशमै उत्पादन गर्न सकिने कृषि उपजसमेत ठूलो परिमाणमा आयात हुन थालेपछि नेपालको कृषि क्षेत्रको बढ्दो परनिर्भरता तथ्यांकमार्फत देखिएको छ ।

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, क्वारेन्टाइन कार्यालय जलेश्वर, महोत्तरीको तथ्यांकअनुसार गत आर्थिक वर्षमा भारतबाट जलेश्वर नाका हुँदै कुल ८ अर्ब ४५ करोड ५५ लाख ८० हजार रुपैयाँ मूल्य बराबरका खाद्यान्न तथा प्रशोधित कृषिजन्य वस्तु आयात भएका हुन् । यस अवधिमा यस्ता वस्तुको कुल आयात परिमाण २ लाख ३६ हजार ३८८ दशमलव ५ मेट्रिक टन रहेको छ ।




क्वारेन्टाइन कार्यालय जलेश्वरका निमित्त प्रमुख किशोरकुमार यादवका अनुसार आयातित वस्तुको समूहगत विवरण हेर्दा सबैभन्दा ठूलो हिस्सा प्रशोधित तथा अन्य कृषिजन्य खाद्य वस्तुले ओगटेको छ । यस समूहअन्तर्गत मात्रै ३ अर्ब ८९ करोड ४६ लाख ४० हजार रुपैयाँ मूल्य बराबरका वस्तु आयात भएका छन् ।

कसुरी मेथी, मेथी दाना, हिङ, धनियाँ दाना, बेसार, कालो मरिच, राइस ब्रान, राइस डिडिजी, सोया फिट, कनिका, बिडीका पातलगायत सामग्री यस समूहमा पर्छन् । यी वस्तु मात्रै १ लाख १ हजार ४६६ दशमलव ५ मेट्रिक टन आयात भएको विवरणमा उल्लेख छ । यसमध्ये बिडीका पातको आयात ४३५ दशमलव ४ मेट्रिक टन रहेको छ ।

प्रशोधित कृषिजन्य वस्तुपछि धान, चामल, गहुँ, जौ र बाजरालगायत खाद्यान्नको आयात उल्लेख्य छ । यी खाद्यान्न वस्तुको आयातमा मात्रै १ अर्ब ४९ करोड ५३ लाख रुपैयाँ बराबर रकम भारत गएको छ ।

खाद्यान्न समूहमा धानको हिस्सा विशेष ठूलो देखिन्छ । गत आर्थिक वर्षमा जलेश्वर नाका हुँदै २६ हजार ७७४ मेट्रिक टन धान आयात भएको छ । यसको मूल्य मात्रै ८५ करोड ६८ लाख रुपैयाँ रहेको क्वारेन्टाइन कार्यालयको तथ्यांकले देखाएको छ । धानसँगै बासमती चामल, चामल, गहुँ, मकै, जौ र बाजरा पनि भारतबाट ल्याइएको छ ।

त्यस्तै, तरकारी तथा तरकारीजन्य खाद्य वस्तुको आयातमा पनि ठूलो रकम बाहिरिएको छ । यस समूहका वस्तु आयातमा करिब १ अर्ब ३६ करोड ९८ लाख ४० हजार रुपैयाँ खर्च भएको छ । आलु र प्याज यसको मुख्य हिस्सा हुन् ।

वार्षिक विवरणअनुसार आलु मात्रै करिब ३ अर्ब १८ करोड २४ लाख ६० हजार रुपैयाँ बराबरको आयात भएको छ भने प्याजको आयातमा १ अर्ब २१ करोड २७ लाख २० हजार रुपैयाँ बराबरको रकम बाहिरिएको छ ।

परवल, काक्रो, भण्टा, खुर्सानी, भिन्डी, चुकन्दर, हरियो केराउ, लौका, गाजरलगायतका तरकारीसमेत भारतबाट जलेश्वर नाका हुँदै नेपाल भित्रिएका छन् । तरकारीसँगै धान, बासमती चामल, चामल, गहुँ, मकै, जौ र बाजरालगायत खाद्यान्नको आयातले पनि नेपाली बजारको भारतीय उत्पादनमाथिको निर्भरता स्पष्ट पार्छ ।

दलहनको आयातमा पनि उल्लेख्य रकम बाहिरिएको छ । गत आर्थिक वर्षमा भारतबाट विभिन्न प्रकारका दाल तथा दलहन आयात गर्दा ३० करोड ६० लाख रुपैयाँ रकम खर्च भएको छ । रहर दाल, मास/उडद दाल, चना गेडा, चना दाल, मसुरो दाल, बकुल्ला दाल, राजमा र मुग दाल यस समूहमा आयात भएका छन् ।

दलहनमध्ये चना र रहर दालको आयात उल्लेख्य देखिन्छ । विवरणअनुसार १ हजार १०७ मेट्रिक टन चना तथा ८४२ दशमलव ६ मेट्रिक टन रहर दाल भारतबाट आयात गरिएको छ । स्वदेशी उत्पादन पर्याप्त हुन नसक्दा नेपाली उपभोक्ता र बजार भारतबाट आउने दलहनमा समेत निर्भर हुनुपरेको तथ्यांकले देखाएको छ ।

फलफूलको आयातमा पनि ठूलो रकम बाहिरिएको छ । भारतबाट स्याउ, सुन्तला, अनार, केरा, अंगुर, नरिवल, अम्बा, सरिफा, मेवा, अंजीर, लिची र भुइँकटहरलगायत फलफूल आयात गरिएको छ । गत आर्थिक वर्षमा यस्ता फलफूल ९ हजार ७२५ मेट्रिक टन आयात हुँदा यसको मूल्य करिब ७० करोड रुपैयाँ रहेको छ ।

फलफूलमध्ये स्याउको आयात सबैभन्दा बढी छ । तथ्यांकअनुसार भारतबाट करिब २२ करोड ३७ लाख रुपैयाँ बराबरको स्याउ आयात भएको छ । त्यसपछि अनारको आयातमा २० करोड ८५ लाख रुपैयाँ र अंगुरमा करिब ११ करोड १९ लाख रुपैयाँ बराबरको रकम बाहिरिएको छ । तेलहनतर्फ ५० लाख रुपैयाँभन्दा बढी रकम बाहिरिएको छ ।

जलेश्वर भन्सार नाकाबाट एक वर्षमा कृषिजन्य वस्तुको आयातमा मात्रै अर्बौं रुपैयाँ बाहिरिनुले नेपालको कृषि उत्पादन र बजार व्यवस्थापनको अवस्थामाथि प्रश्न उठाएको छ । देशभरको आयातसँग तुलना गर्दा कृषि तथा खाद्य वस्तुमा बाहिरिने रकम अझ ठूलो ७ खर्ब रुपैयाँभन्दा बढी रहेको छ ।

# बलात्कार मुद्दाका फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

वीरगंज । पर्सा प्रहरीले बलात्कार मुद्दामा १० वर्ष कैद सजाय तोकिएका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा छिपहरमाई गाउँपालिका-४ तुलसी बर्वाका ३५ वर्षीय राजवा भन्ने अखिलेश साह तेली रहेका छन् । अदालतबाट १० वर्ष कैद सजाय ठहर भएपछि उनी फरार रहँदै आएका थिए ।

इलाका प्रहरी कार्यालय भिष्वा बञ्जारीबाट खटिएको टोलीले विशेष सूचनाका आधारमा भदौ २० गते दिउँसो साहलाई उनकै घरबाट पक्राउ गरेको हो ।

पक्राउ परेका साहलाई फैसला कार्यान्वयनका लागि पर्सा जिल्ला अदालतमा बुझाउने प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी चक्रबहादुर मल्लले जानकारी दिएका छन् ।

# वरिष्ठ साहित्यकार लालको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली साहित्यका वरिष्ठ साहित्यकार डा. रेवतीरमण लालको निधन भएको छ । शनिबार साँझ जनकपुरधामस्थित एक अस्पतालमा उपचारको क्रममा उनको निधन भएको हो ।

धनुषाको साविक देवडिहा गाविस-३, खिरखिरिया गाउँमा २ मार्च १९४३ मा जन्मिएका डा. लालले मैथिली साहित्यमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका थिए । मैथिली विषयमा विद्यावारिधि गरेका उनी नेपाल राष्ट्र बैंकबाट अवकाशप्राप्त कर्मचारीसमेत थिए ।

साहित्यका विभिन्न विधामा कलम चलाएका डा. लालले कथा, कविता, गीत, लेख, पटकथा, साक्षात्कार, यात्रावृत्तान्त तथा लोकसाहित्यका क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । उनको पहिलो प्रकाशित



मैथिली रचना 'सरस्वती वन्दना' गीत सन् १९६० मा प्रकाशित भएको थियो ।

उनका चर्चित मैथिली कृतिहरूमा 'साक्षात्कार', 'माधव नहि अएला मधुपुरसँ', 'हमर विदेश भ्रमण', 'महाकवि विद्यापति' र ' खिस्सा पिहानी' रहेका छन् ।

त्यस्तै, 'धनुषाधाम और मणिमण्डप' उनको पर्यटन सम्बन्धी कृति हो । उनी मैथिली त्रैमासिक पत्रिका 'नैमिकानन' का सम्पादक समेत रहेका थिए । उनका विभिन्न रचनाहरू विद्यालय तथा महाविद्यालयका पाठ्यक्रममा समेत समावेश भएका छन् ।

साहित्यिक तथा सामाजिक क्षेत्रमा सक्रिय डा. लाल विविधा मैथिली मञ्चका संस्थापक सचिव, मैथिली साहित्य परिषद्का सदस्य तथा मैथिली साहित्यकार सभाका सल्लाहकारका रूपमा आबद्ध थिए ।

साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप उनले वैदेही प्रतिभा पुरस्कार, त्रिमूर्ति पुरस्कार, मिथिला रत्न, ज्योतिरीश्वर साहित्य सम्मान तथा नेपाल सरकारको प्रादेशिक प्रतिभा पुरस्कारलगायतका सम्मान प्राप्त गरेका थिए ।

डा. लालको निधनसँगै मैथिली साहित्यले एक अनुभवी र समर्पित स्रष्टा गुमाएको छ । उनको निधनले मैथिली साहित्यको क्षेत्रमा अपूरणीय क्षति पुगेको साहित्यप्रेमीहरूले बताएका छन् । उनको योगदान र सिर्जना भने उनका कृतिमार्फत दीर्घकालसम्म जीवित रहनेछ ।

# मधेशी लक्षित अभिव्यक्ति लेख्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशी समुदायलाई लक्षित गरी सामाजिक सद्भावमा खलल पुग्ने तथा द्वन्द्व भड्काउने प्रकृतिका अभिव्यक्ति सार्वजनिक स्थानमा लेखेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार पक्राउ पर्नेमा खोटाङको बाक्सिला नगरपालिका-१५ घर भई काठमाडौं महानगरपालिका-३१ शंखमुल बस्दै आएका ३५ वर्षीय विशाल गुरुङ रहेका छन् । उनले काठमाडौका विभिन्न स्थानमा 'मधेशी धोती गो ब्याक टू यू इण्डिया' लगायतका अभिव्यक्तिहरुले लेखेका थिए ।




काठमाडौंका विभिन्न सार्वजनिक स्थानमा विभिन्न मितिमा मधेशी समुदायलाई लक्षित गरी सामाजिक सद्भाव बिगार्ने किसिमका अभिव्यक्ति लेखिएको पाइएपछि प्रहरीले संलग्न व्यक्तिको खोजी थालेको थियो । सोही क्रममा जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त नयाँ बानेश्वरबाट खटिएको टोलीले गुरुङलाई शंखमुलबाट पक्राउ गरेको हो ।

प्रहरीले उनलाई सार्वजनिक शान्ति खलल पार्न नहुने सम्बन्धी कसुरमा नियन्त्रणमा लिएर प्रहरी वृत्त बानेश्वरबाट थप अनुसन्धान भइरहेको जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक दानबहादुर थापाले सामाजिक सद्भावमा असर पार्ने तथा द्वन्द्व भड्काउने गतिविधिमाथि प्रहरीले निगरानी बढाएको जानकारी दिएका छन् ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८